DS
493
P89+
7

# प्राचीन नेपाल

पुरातत्त्व विभागको मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology

NUMBER 2
JANUARY 1968

संख्या २
माघ २०२४

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

**Published by**
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्रकाशक
श्री ५ को सरकार
शिक्षामंत्रालय, पुरातत्त्व विभाग,
कान्तिपुर, नेपाल

प्राप्तिस्थानः

राष्ट्रिय अभिलेखालय
रामशाह पथ, कान्तिपुर

**To be had of:**

The National Archives
Rama Shah Path,
Kathmandu

**मूल्य रू. ५।–**

**Price Rs. 5/–**

Printed at the Jore Ganesh Press Pvt. Ltd., Kathmandu.

**प्राचीन नेपाल**
संख्या २
माघ २०२४

**Ancient Nepal**
Number 2
January 1968

**सम्पादक मण्डल**

रमेश जङ्ग थापा
नीलरतन बनर्जी
बुद्धिसागर पराजुली
सी. आर. स्वामिनाथन

**Editorial Board**

Ramesh Jung Thapa
N. R. Banerjee
C. R. Swaminathan
Buddhisagar Parajuli

# विषयसूची

# CONTENTS


| | पृष्ठ | page |
|---|---|---|
| टिप्पणी र समाचार | क | क |
| Notes and News | ग | ग |
| चितवन देखि जनकपुरसम्मका केही पुरातात्त्विक स्थल | १ | 1 |
| *जनक लाल शर्मा* | | |
| ऐतिहासिक निरीक्षण र त्यसको उपलब्धि | ११ | 11 |
| *शङ्करमान राजवंशी* | | |
| हरमेखला : एक परिचय | १७ | 17 |
| *कृष्णप्रसाद भट्टराई* | | |
| Parvati's Penance as Revealed by the Eloquent Stones of Nepal | २७ | 27 |
| *Nil Ratan Banerjee* | | |

# टिप्पणी र समाचार

विगत अंक प्रकाशित भएपछिको समय विभागका निम्ति निकै दृष्टिकोणबाट लाभप्रद भएको छ ।

अन्वेषण तथा उत्खननका क्षेत्रमा गरिएको एउटा महत्वपूर्ण निर्णयका रूपमा श्री ५ को सरकार पुरातत्वविभाग तथा जापानको रीशो विश्वविद्यालयका बीच सुसम्पन्न भएको संझौतालाई लिन सकिन्छ । यस संझौताको प्रमुख उद्देश्य तिलौराकोटलाई कपिलवस्तुका रूपमा साबित गर्न सकिने प्रत्यक्ष प्रमाण प्राप्त गर्नु हो जुन तथ्यलाई साहित्य तथा अभिलेखका आधार मा बृहत् क्षेत्रबाट प्रायः स्वीकार गरिसकिएको छ ।

जापानको दलले यस वर्ष अपेक्षाकृत सानो परिधिमा उत्खनन गऱ्यो । अर्कोतिर श्री ५ को सरकार पुरातत्वविभागले विगत वर्षदेखि नै शुरू गरेको कार्यलाई पुनः चालु गऱ्यो । विभागका तर्फबाट अन्वेषण तथा उत्खनन शाखाका शाखाप्रमुख श्री तारानन्द मिश्र, फिल्ड फोटोग्राफर श्री पुष्पमान चित्रकार,सर्वेयर श्री हरिमान अमात्य, ड्राफ्टम्यान श्री देवरत्न रंजितकारका अतिरिक्त अन्य प्रशासकीय एवं प्राविधिकसहायकहरूले भाग लिइरहनुभएको छ । पुरातत्वविभागद्वारा सञ्चालित उत्खननबाट महत्वपूर्ण तथ्य तथा अवशेष फेला पारिएको छ । गत वर्षको उत्खननले यो कुरा निश्चित गरिदिएको छ यो शहर चारैतिर पर्खालद्वारा घेरिएको थियो । पर्खालको अध्ययन गर्दा यी तीन विभिन्न कालका बुझिन्छन् । प्रथम पर्खालि माटोको र दोस्रो तथा तेस्रो भने ईंटको प्रयोगद्वारा खड़ा गरिएको स्पष्ट हुन्छ । यस वर्षको उत्खननमा पश्चिमी द्वार पत्ता लगाइएको छ । साथै बेग्लाबेग्लै कालका उन्नाईस फिट चाक्लो बाटो पनि फेला पारिएको छ र उत्खननद्वारा यो कुरा प्रायः निश्चित हुन्छ तिलौराकोटको प्रथम नगरसभ्यता सातौं शताब्दी ईसा पूर्वको हुनुपर्दछ । तर यस संबंधमा अन्तिम रूपमा विश्वस्त हुन कार्बन १४ (C. 14) सिद्धान्तको विश्लेषणात्मक वैज्ञानिक प्रक्रियाद्वारा प्रदत्त परिणामलाई पर्खिनु सर्वथा उचित पर्ला । यस अवधिमा, पुरातत्व निर्देशकको अध्यक्षतामा गठित "गुठी जीर्णोद्धार तथा निर्माण समिति" द्वारा निम्न लिखित स्मारकहरूको जीर्णोद्धार कार्य समाप्त गरिसकिएको वा भइरहेको छ ।

काठमाडौंतर्फ (१) हनूमान्ढोकास्थित दशैंघर (२) हनूमान्ढोकास्थित इष्टदेवताको मन्दिर (३) नघल टोलस्थित विहार (४) पशुपति मन्दिर (५) वानेश्वरस्थित प्रस्तरको महादेवमन्दिर । ललितपुरतर्फ (६) भीमसेनमन्दिर (७) तलेजुभवानीको मन्दिर (८) देगुतलेजुमन्दिर (९) सोठनारायण (१०) सोठटोल स्थित कृष्णमन्दिर (११) सुनधारासमीपको ईंटद्वारा निर्मित विष्णुमन्दिर (१२) टंगलस्थित मत्स्येन्द्रनाथमन्दिर । भादगाउँतर्फ (१३) पशुपतिको मन्दिर (१४) भद्रकालीमन्दिर (१५) वाराहीमन्दिर (१६) मजादेगमन्दिर । नुवाकोटस्थित भैरवीमन्दिरको जीर्णोद्धार पनि समाप्त भएको छ ।

यी सबैका अतिरिक्त निम्न लिखित स्मारकहरूको पनि केही दिनभित्र जीर्णोद्धार कार्य प्रारंभ गर्ने निर्णय गरिएको छ ।

काठमाडौं तर्फ–(१) पशुपतिक्षेत्रको राममन्दिर (२) नानकमठ (३) स्वयम्भूस्थित सरस्वतीको सत्तल (४) हनूमान्ढोकास्थित अष्टकोणमन्दिर । ललितपुरतर्फ (५) महापालस्थित उमामहेश्वरको मन्दिर (६) कृष्णमन्दिरको छेउको गणेशमन्दिर (७) सुनधारा-

स्थित मत्स्येन्द्रनाथको मन्दिर तथा (८) ठेचोस्थित नवगुर्गाको मन्दिर । भक्तपुरतर्फ दत्तात्रेयमन्दिरको जीर्णोद्धार गरिनेछ ।

ललितपुरस्थित पुरातत्त्वबगैंचामा निर्माण भइरहेको "सूचनाकेन्द्र" नामक कलापूर्ण भवनको निर्माण समाप्त भएको छ ।

यसै वीच पुरातत्व निर्देशकद्वारा रकफेलर थर्ड फण्डको निमन्त्रणामा संयुक्तराष्ट्र अमेरिका तथा उन्नाईसौं ओलेम्पिक कमिटीको निमंत्रणामा मेक्सीकोका स्मारकहरूको जीर्णोद्धार तथा संग्रहालयहरूको संगठन एवं न्यूयोर्कस्थित अन्तर्राष्ट्रिय जीर्णोद्धार केन्द्र र सांस्कृतिक संस्था आदिको अध्ययन गरियो ।

१९६६–६७ मा यूरोपका विभिन्न शहरहरूमा आयोजित नेपाली कलाप्रदर्शनीमा प्रदर्शित कलाकृति मध्ये उच्चकोटीका बाईस थानको छनौट गरी १९६८ मा मेक्सीकोमा ओलेम्पिकका अवरमा आयोजित गरिने "विश्वका सर्वोत्तम कलाकृतिको अन्तर्राष्ट्रिय प्रदर्शनी" का निम्ति पठाइसकिएको छ । अन्य सामग्री सुरक्षित रूपमा काठमाडौं फर्किसकेका छन् ।

वीर पुस्तकालय तथा राष्ट्रिय पुस्तकालयमा रहेका हस्तलिखित ग्रन्थको एकीकरण गरी राष्ट्रिय अभिलेखालयमा ल्याइएको अवसरमा विभागीय अनुसन्धानका निम्ति अत्यन्त आवश्यक पुरातत्व एवं अन्य ऐतिहासिक, सांस्कृतिक विषयसंग संबन्धित मुद्रित पुस्तकहरूको पनि संग्रह तथा स्थानान्तरण गरी एउटै स्थानमा ल्याइएको छ । केशर पुस्तकालयको हस्तांतरणपछि पुस्तकालयसेवामा अझै गहकिलो विस्तार हुने भएको छ । अहिले मूलसूची तैयार गर्ने काम धमाधम भइरहेको छ ।

गाउं फर्क राष्ट्रिय अभियानका सिलसिलामा बूढानीलकण्ठ गएको अवसरमा विभागीय कर्मचारीहरू श्री जनकलाल शर्मा, श्री बाबुकृष्ण रिजाल, श्रीउपेन्द्रनाथ सापकोटा, श्रीनारायण प्रसाद शर्मा आदि ले लिच्छवी लिपिको अप्रकाशित महत्वपूर्ण शिलालेख पत्ता लगाउनुभयो । यसको पूरा विवरण प्राचीन नेपालको अर्को अंकमा प्रकाशित गर्नेछौं ।

रमेशजङ्ग थापा

# Notes and News

The period since the appearance of the last number has been fruitful in many ways.

An important development in the field of exploration and excavation was the signing of an agreement, between the Department of Archaeology and the Rissho University of Tokyo, Japan, for the conduct, of excavations at Tilaurakot with the express pupose of obtaining tangible archaeological evidence for the largely accepted and established identification of Kapilavastu with Tilaurakot on the basis of available literary and inscriptional evidence. The Japanese team took up a small trench this year and have since completed its work. The Department's own Exploration and Excavation Officer,Shri Tarananda Mishra,assisted by Shri Pushpaman Chitrakar, Photographer, Shri Hariman Amatya, Surveyor, and Shri Devaratna Chitrakar, Draftsman, continued last year's work on this site, and discovered the western gateway through the mud fortifications, with three stages of brick revetment, and presumably the principal road, about 19 ft. wide and tamped with haematitic nodules, across the citadel running east-west through the western gateway, and probably leading on to the eastern geteway as well, besides confirmatory and supplementary evidence on the already established sequence of Cultures on the site, obtained earlier in the excavations of 1961–62, and 1967, respectively. The earliest occupation on the site would date back to **circa** 700 B.C. This date is however provisional and would have to await confirmation by C. 14 analysis, materials for which are already under study.

The Guthi Jirnoddhar tatha–Nirman Samiti, working under the chairmanship of the Director of Archaeology, has undertaken during the period under review repairs to the following monuments:

(i) The Dasain Ghar at Hanuman Dhoka, (ii) Ishta Devata temple at Hanuman Dhoka, (iii) The Vihara at Naghaltole, (iv) the Pasupati temple,and (v) the stone temple of Mahadeva at Baneshwar, all at Kathmandu; (vi) Bhimasena temple, (vii) Taleju Bhavani temple, (viii) Degu Taleju temple, (ix) Sotha Narayan temple (x) Krishna temple, So thatol, (xi) the brick temple of Vishnu at Sundhara and the (xii) Matsyendranatha temple at Tangal, all at Lalitpur; (xiii) the Pasupati temple, (xiv) Bhadrakali temple and (xv) the Majadegal, all at Bhaktapur; and the Bhairavi temple at Nuwakot.

It is proposed further to take up the repairs of the following monuments in the near future:

(i) The Rama Mandir in the Pasupati temple premises, (ii) Nanak Math at Mhaipi Phanta, near Nayabazaar. (iii) the Sattal

of the Sarasvati temple at Swayambhunatha (iv) the octagonal temple near the Hanuman Dhoka, all at Kathmandu; (v) Uma–Mahesvara (stone) temple at Mahapal, (vi) Ganesa temple behind the Krishna temple in the Durbar Square, (vii) Matsyendranatha temple at Sundhara, and (viii) the Nava Durga temple at Thecho, all at Lalitpur and; the Dattatreya temple at Bhaktapur.

The period also witnessed the completion of the Information Centre building of the proposed Open Air Museum at Bhandarkhal, to the east of the Mulchowk in the Durbar Square at Lalipur.

During the period under review the Director visited the International Preservation Centre in New York, and various cultural centres, Museums and conserved monuments in the United States, in December' 67–January' 68, on an invitation from Rockefeller III Funds, and Mexico for a week in January '68, on an invitation from the XIX Olympic Committee.

The bulk of the exhibits of Nepalese art displayed in various exhibitions held in the different cities of Northern Europe in 1966–67 came back to Nepal early in December, while twenty–two selected specimens have been sent to Mexico to be displayed at the International Exhibition of Selected Works of World Art to be held in Mexico during the XIX Olympiad in October ' 68.

With the inauguration of the National Archives Building and the transference to it of the manuscripts of the Bir Library and the Rashtriya Pustakalaya, respectively, and the pooling together of all the books therein germane to the works of the Department, it came to possess a library of its own. The library service is going to be still further enlarged by the transference of the Kaiser Samsher Library in the very near future. The subjectwise classification and cataloguing of the library is in progress.

In the course of the works related to the Back to the Village Programme in the Budha Nilakantha area, officers of the Department, Shri Janaklal Sharma, Shri Babu Krishna Rijal, Shri Upendra Nath Sapkota and Shri Narayan Prasad Sharma discovered two unpublished inscriptions in the Lichchhavi script and it is intended to publish them in a subsequent issue.

*R. J. Thapa*

# चितवनदेखि जनकपुरसम्मका केही पुरातात्विक स्थल

*जनकलाल शर्मा*

( चितवनदेखि जनकपुरसम्मका केही स्थलको पुरातात्विक अन्वेषण पुरातत्व विभागले २०१६ सालमा गरेको थियो। यसै प्रसङ्गमा पुरातत्व विभागका प्रधान अनुसन्धान अधिकारी (त्यस सयम फिल्डएक्स्क्याभेटर) श्री जनकलाल शर्माले दिनुभएको प्रतिवेदन पाठकका समक्ष प्रस्तुत छ। --संपादक)

## चितवन

चितवन नेपाल अधिराज्यको प्रसिद्ध भूभाग मध्ये एक हो। यो नारायणी अञ्चलमा पर्दछ। यसलाई चितौन पनि भन्दछन्। यस भूमिको नाम अहिलेसम्म ठीक ठीक पत्ता लाग्न सकेको छैन। केही संस्कृत साहित्यमा 'अस्ति गण्डकीतीरे चित्रवनं नाम नगरम्" भन्ने पाइएकोले पुरानो चित्रवन नामको नगर कुनै समय यस इलाकामा थियो कि भन्ने अनुमानसम्म गर्न सकिन्छ। साथै नेपालको एउटा वंशावलीमा **चितपावन** नाम पनि पाइन्छ★। तर त्यतिनै प्रमाणको आधारमा कुनै ठाउँको ऐतिहासिक नाम किटान गर्नु उचित हुनेछैन।

अरू ऐतिहासिक दृष्टिले पनि यस भूमिको महत्व कम छैन। पूर्वमा विदेहभूमि मिथिला, पश्चिममा भगवान् बुद्धको जन्मस्थल लुम्बिनी र कुलघर कपिलवस्तु जस्ता महत्वपूर्ण स्थल भएकोले यस भूमिको महत्व अझै माथि पुग्दछ। यसै भूमिको पूर्व पश्चिम जनकपुर र कपिलवस्तु-मा बसेर राजर्षि जनक र भगवान् बुद्धले जुन दर्शन र सिद्धान्तको आधारमा एशिया वा अझै भनौं समस्त मानवसमाजलाई सभ्यताको जुन पराकाष्ठामा पुऱ्याए त्यसको प्रभाव यहाँ परेको थिएन भन्न हामी कदापि सक्तैनौं। त्यसपछि कला कौशलले परिपूर्ण वैशाली र सिमरौनगढ पनि अति समीपवर्ती भएकोले त्यसको पनि समयानुसार छाप पर्नु स्वाभाविक छ। यसै त पुराणवर्णित सप्तगण्डकी वा नारायणी नदी पश्चिमी सीमामा भएकोले यसको महत्व छँदैछ। किन्तु समयको हेरफेरमा जसरी छिमेकमा फुलेको वैभव वेला-उन लाग्यो त्यसै गरी यसले पनि नकल गर्न वाध्य हुनु स्वाभाविक छ।

## देवघाट

देवघाट चितवन इलाकामा नपरे तापनि हाम्रो कार्यक्षेत्र यहींबाट शुरू भएकोले यसमा समावेश गरिएको छ। यो ठाउँ चितवनको पश्चिमी सीमा रेखानेर पर्दछ।

यहाँ अनेक सेनवंशका भग्नावशेष धरासात् भएका पाइन्छन्। यो ठाउँ गण्डकीको संगममा पर्दछ। यहाँ मुकुन्दसेन (तनहुँका राजा) सित कथा जोडिने एउटा मन्दिर तथा त्यसभित्र रहेका देवता छन्। वास्तवमा

★ हिमवत् खण्ड, परिशिष्ट, पृ. सं. १४८–४९

यो देवता अनेक वर्ष जमीनमा दबिएर पाषाण भइसकेको कछुवाको हाड जस्तो छ। यो देवता प्राचीन प्राणीविद्या र भूगर्भविद्यावेत्ताका लागि एउटा अन्वेषणको विषय हुनेछ । यसबाहेक मध्यकालका चतुर्बाहु विष्णु, भगवती (महिषमर्दिनी) आदिका मूर्ति उल्लेखनीय छन् (फ.सं.IIIA) । यस ठाउँको धार्मिक महत्व कुन समयदेखि शुरू भयो र यहाँ कुन कुन कालका चीज प्राप्त हुन्छन् त्यो अनुसन्धानयोग्य छ। अतः त्यसको सुरक्षाको व्यवस्था गर्नु पनि हाम्रो कर्तव्य हुन आएको छ ।

## सिंहदेवीको थान

नारायणगढ बजारबाट करीब आधा कोश उत्तर–पश्चिम नारायणीको पूर्वी किनारमा एउटा भग्नावशेष छ जसलाई त्यहाँका जनता सिंहदेवीको थान भन्दछन्। नामकरणको कारण हो त्यहाँ दुईवटा प्रारम्भिक सेन राजवंशका समकालीन ढुंगाका सिंह छन् । त्यसैले यस स्थानलाई सिंहदेवीको थान (स्थान) भनेका हुन् । यिनै सिंहका छेउमा त्यसै समयको वास्तुशैलीको नमूना आमलक सहितको ढुंगाको गजुर पनि लडिराखेको छ। त्यसका वरपर पुराना भग्नावशेष सिमलका फेदमा दबेका छन् ।

## नारायणगढ

यसको नाम गढ भए तापनि यहाँ अहिलेसम्म गढ फेला परेको छैन अतः नामलाई ध्यानमा राखेर अन्वेषण हुनु उचित छ ।

## बसेनी

नारायणगढबाट करीब आधा कोश पूर्वोत्तरमा हालसाल अर्थात् २०१६ सालमा एउटा गणेशको मूर्ति फेला परेको छ । यहाँ एउटा पुरानो इनार पनि छ। यसरी जंगलभित्र इनार र मूर्ति भेटिनुको तात्पर्य हो कुनै समयमा यो ठाउँ पनि कुनै विशिष्ट स्थान थियो । यो मूर्ति अन्तिम सेनवंशको समकालीन प्रतीत हुन्छ ( फ.स. IV A)। यहाँ पनि खोजी हुनु आवश्यक छ ।

## चित्रसारी

देवौली बजारभन्दा १ कोश दक्षिण चित्रसारी भन्ने ठाउँमा एउटा देवस्थल छ जहाँ अनेक माटाका मूर्तिहरू एकत्रित छन्। यो देवस्थल सेनवंशको समकालीन जस्तो देखिन्छ। एकत्रित मूर्तिहरूमध्ये अधिकतर पशुपक्षीका छन् । आजकल यहाँ यस्ता मूर्ति र हातहतियार चढाउने प्रथा छैन । स्मरणीय छ चितवनमा त्यस प्रकारका माटाका मूर्ति बनाउने चलन आजकाल छैन न यहाँ स्थानीय कुमाले नै छन् । अतः पुरातात्विक दृष्टिले यी एकत्रित मूर्तिको अध्ययन र सुरक्षा हुनु आवश्यक छ (फ.सं. IB)।

## रापती मनौरी

यो स्थान हेटौंडाबाट नारायणगढ जाने राजमार्गमा करीब १० कोश पश्चिम पर्दछ । यहाँ हेटौंडा–नारायणगढ राजमार्ग बनाउँदा एउटा लामो पर्खाल भेटिएको थियो र यसै पर्खालका कुँदिएका ढुंगा झिकेर ठेकदारले यहाँ पुल निर्माण गराए। जसले गर्दा त्यो भग्नावशेष सदाको लागि नेपालको इतिहासबाट लुप्त भयो। यसै समय त्यहाँ एउटा वेतालासन विशाल हनूमान्को मूर्ति फेला परेको थियो जो पुलभन्दा पश्चिम नारायणगढ जाने राजमार्गको दाहिनेतिर छँदै छ। यो मूर्ति अन्तिम सेनवंशको समकालीन प्रतीत हुन्छ (फ.सं. IIB) यसको सुरक्षा हुनु नितान्त आवश्यक भएको छ ।

## हेटौंडा

यहाँ बीच बजारमा एउटा पीपलको रूख छ त्यसैको फेदमा एउटा अन्तिम सेन कालको देवीको मूर्ति छ । त्यसबाहेक यहाँ केही छैन । बजारभन्दा दक्षिणमा भूटनदेवीको स्थान छ त्यहाँ भएको देवीको मूर्ति सेनकालीन नभै शाहकालीन छ। अतः हा[...] पुरातात्विक दृष्टिले यस स्थानको विशेष मह[त्व] देखिंदैन ।

## सिमरौंनगढ

यो गढ नेपाल राज्यमा भएका ऐतिहासिक प्रसि[द्ध]

स्थलमध्ये एक हो । यसको स्थापनाका संबन्धमा भनिन्छ ईसाको तेह्रौं शताब्दीको प्रारंभमा जब बख्तियार खिलजीले मगधको राज्य बिहारमा अधिकार जमाएर बंगालमा पनि कब्जा गऱ्यो र त्यसको केही समयपछि १२११ देखि १२२६ ई.का बीच बंगालको शासन गयासुद्दीन इवाजका समयमा मिथिलामाथि पनि मुसलमानी आधिपत्य जम्यो । यसै समय सिमरौनगढमा एउटा नयाँ हिन्दू राज्यको स्थापना भयो । प्रचलित जनविश्वासअनुसार यस राज्यको संस्थापक कर्नाट वंशका राजा नान्यदेव थिए । यिनले सारा मिथिलालाई आफ्नो कब्जामा ल्याए । यो राजवंशको परंपरा करीब एक शताब्दी चल्यो । यिनका छोरा गांगदेव भए जसले मालपोत असुल गर्ने सुबिधाका लागि देशलाई अनेक प्रगन्नामा विभाजित गरे जो आज पनि कायमै छ ।

यस राजवंशले यति छोटो अवधिमा पनि ठूलो कलाप्रियता व्यक्त गरेको छ । आज त्यस राजवंशको राजधानी सिमरौंनगढ ठूलो भग्नावशेषको रूपमा छ । यसको चौगिर्दा १४ कोशको छ भन्ने चलन छ तर त्यो आजको प्रचलित कोश नभै गाइखुरे कोश (गाईले साँढे खोजेको बेला जति दगुर्न सक्तछ त्यसलाई गाइखुरे कोश भन्दछन्) भए जस्तो लाग्दछ (आजकालको प्रचलित १ कोशको करीब सवा दुइ कोश गाइखुरे कोश हुन्छ) । यस प्रकार सिमरौनगढको चौगिर्दा छ कोशको हुन आउँछ र त्यो उचित पनि छ । सिमरौनगढको चार जिल्ला यस प्रकार छ :–

१. पूर्वमा कचुरवा ।
२. पश्चिममा बैरिया ।
३. उत्तरमा कोतवाली टेंका ।
४. दक्षिणमा नेपाल–भारत सीमाको दशगजा ।

यस चारगिर्दाभित्र अनेक भग्नावशेष, मूर्ति र अन्य वस्तु छन् । तीमध्ये प्रमुख यस प्रकार छन्:–

१. कंकाली मठ र त्यसका वरिपरिका मूर्ति ।
२. भैरवराम बाबाको समाधिभित्रका मूर्ति ।
३. हरिहरपुर गाउँको मूर्ति (विष्णुको) ।
४. हरिहरपुर मठ ।
५. कंकाली मठनिरको पोखरीका घाटका ईंट ।
६. अमृतगंजको गढ र मूर्ति ।
७. हनूमान्गंजको मूर्ति (विष्णुको) ।
८. रनिवास (रामपट्टी ।
९. चौगिर्दा ।

## कंकाली मठ

यस मठको कुन समयमा स्थापना भएको हो त्यसको कुनै पनि विवरण खुल्दैन । कंपनी सरकार (अंग्रेज) ले सन् १८१६ मा गीर्वाणयुद्धले दिएको हक हामीले पनि थामिदयौं भन्ने सिमरौनगढको पिठियाको उठ्तीका संबन्धमा दिएको कागतमा भैरो रामदासलाई गोसाईं मंसारामका चेला भन्ने विशेषण लगाइएको छ । यसबाट यो सिद्ध हुन्छ– कंकाली मठका आदि पुरुष मंसाराम बाबा रहेछन् । यस समाधिका वरिपरि अनेक सुन्दर मूर्तिहरू छन् ।

जस्तै:–

१. सूर्य ।
२. वैनतेय २ मुखे ।
३. हरगौरी ।
४. विष्णु इत्यादि ।

## भैरवराम बाबाको समाधि

यो समाधि कंकाली मन्दिरभन्दा दक्षिण मंसाराम बाबाको समाधिभन्दा पश्चिम नजीकै पर्दछ । यहाँ भित्रपट्टि अनेक प्राचीन मूर्ति गाडिएका छन् । ती मध्ये चारविष्णु र एक सूर्य (?) चिनिन्छन् । अरू चिन्न सकिंदैनन् । माटाले लेपिएका छन् ।

## हरिहरपुर गाउँ

यो गाउँ कंकाली मठबाट करीब एक माइल पश्चिमोत्तर कुनामा पर्दछ । २०१०–११ सालतिर यस गाउँको इनार सफा गर्दा एउटा सुन्दर विष्णुको मूर्ति फेला परेको रहेछ । त्यो हाल त्यहाँका महेन्द्र शाह कलवारको घरमा राखिएको छ । त्यो मूर्ति

ईशाको तेह्रौं- चौधौं शताब्दीतिरको हो । यसलाई सरकारले आफ्नु जिम्मामा लिएर सग्रहालयमा राख्नु नितान्त आवश्यक छ । यस गाउँको पूर्वतिर एउटा पीपलको रूखका फेदमा पनि दुई मूर्ति असुरक्षित छन्, तिनको पनि व्यवस्था हुनु आवश्यक छ ।

## हरिहरपुर गढ

हरिहरपुरमा गाउँभन्दा दक्षिणमा यो गढ छ र उत्खननको दृष्टिले महत्वको छ ।

## कंकाली मठनिरको पोखरी र त्यस घाटका ईंट ।

यो पोखरी कंकाली मठको पूर्वमा रहेको प्रसिद्ध पोखरी हो । यो निकै विशाल पोखरी छ र त्यसको पश्चिम किनारमा एउटा घाट छ जसमा १६½"× १९"×७" आकार-प्रकारका ईंट उपयोग गरिएका छन् । ती अन्वेषणीय छन् ।

## अमृतगंज

यो ठाउँ कंकाली मठबाट करीब एक पाउ पश्चिममा पर्दछ । यो अरू ठाउँभन्दा उच्चा छ र यहाँ वारंवार अनेक प्राचीन वस्तुहरू भेटिइरहन्छन् । यहाँ मध्यकालीन विष्णुको फुटेको मूर्ति र एउटा वास्तुकलाको टुका पनि छ जो गाईलाई घाँस ख्वाउने ठाउंमा एउटा कृषकले जडेको छ ।

## हनूमानगंज

यो गाउँ कंकाली मठबाट करीब आधा कोश पश्चिममा पर्दछ । १९९० सालको भूकम्पभन्दा पहिले यहाँ रामसेवकदास नामक साधुले बगैंचा खन्दा धेरै मूर्तिहरू फेला पारेका थिए । यिनै मूर्ति मध्ये केही नेपाल म्यूजियममा आए र केही उहीं रहे । आजकाल एउटा चतुर्बाहु विष्णुको मूर्ति त्यहाँका मणिरामदास वैरागीसँगै छ । यो मूर्ति बडो सुन्दर छ । मूर्तिको उचाई ३८ इंच र चौडाई २४ इंच छ । मूर्तिका तोरणसहितको उच्चाइको नाप ५१ इंच र चौडाइ २४ इंच छ । यसको एउटा हात भाँचिएको छ । यो पनि सरकारले आफ्नु जिम्मा लिनुपर्दछ ( फ. सं. II C ) ।

## रनिवास

यो स्थान कंकाली मठबाट पश्चिम करीब १।। पाउ टाढा पर्दछ । यो ठाउँ अन्यत्रभन्दा अग्लो छ । यहाँ विशाल राममन्दिर छ । यो मन्दिर जंगबहादुरको मृत्युपछि उनको स्मृतिमा बनाइएको हुँदा यसको नाम "जंगमुक्तेश्वर राममन्दिर" भन्ने राखिएको छ । यसका वरिपरि यत्रतत्र प्राचीन भग्नावशेष भेटिन्छन् । यसै मन्दिरको पश्चिमपट्टिको गारामा एउटा ढुंगा जडिएको छ जो प्राचीन वास्तुशैलीको प्रतिनिधित्व गर्दछ । यो शिखरशैलीको एक विशेष नमूना भन्न सकिन्छ ।

## चौगिर्दा

सिमरौनगढ करीब ६ कोशभित्र चौगिर्दाले घेरिएको छ । यो विशाल चौगिर्दा अब क्रमशः नष्ट हुँदै जान लागेको छ । यसका वरिपरि हुने बस्तीले अर्थात् सिमरौनगढका मानिसले घर बनाउँदा ईंट किन्नुपर्छ भन्ने कुरा थाहा पाएका छैनन् । यसो हुँदा त्यहाँको पुरातात्विक वैभव दिनदिनै नष्ट हुन लागेका छन् । यसलाई सरकारले विशेष योजनाका साथ टुंगो लगाउनुपर्दछ । नत्र सिमरौनगढको पुरातात्विक अवशेषबाट हामी वंचितै रहनेछौं ।

## सागरनाथ

यो स्थान सर्लाही जिल्लाको सदर मुकाम मलंगवाभन्दा करीब ६ कोश पूर्वोत्तर कुनामा छ । यसै जंगलभित्र एउटा भग्नावशेष छ र त्यहीं एउटा महादेवको मन्दिर छ । महादेव पछि स्थापित गरिएको हो र त्यो पुरातात्विक दृष्टिको छैन । तर त्यहीं एउटा नन्दीको मूर्ति छ जुन त्यसको शैलीको आधारमा बाह्रौं तेह्रौं शताब्दीको भन्न सकिन्छ । (फ. स. IV B) यहाँ एउटा इनार सफा गर्दा २०११ सालमा एक ढोका, त्यहाँका मानिसको भनाइअनुसार बाँदरका टाउका भेटिएका थिए रे तर ती मेरो विचारमा कुनै कारणवश दबिन गएका मानवका अस्थिपंजर हुन् । कारण उनीहरूले जस्तो वर्णन गरे त्यस्ता वा त्यत्र

बाँदरका हाड हुन सक्दैनन् । यो ठाउँ अन्वेषण योग्य छ ।

## मूर्तिया इनार

यो स्थान मलगंवाबाट ४।। कोश उत्तर लखनदेही नदीको पश्चिम किनारमा जंगलभित्र छ । यहाँ एउटा इनार छ जसमा अन्तिम गुप्तशैलीको वास्तुकलाको नमूना भएको एक टुक्रा ढुंगा जमीनको सतहभन्दा ४ फुट तल जडिएको प्राप्त भयो । यो कुनै मन्दिरको कुनै भागमा जडिएको एक अंश हो। यस प्रस्तुत खण्डमा बीचमा भैरव, एकातिर कुमार र एकातिर गणेश अंकित छन् । यो सुन्दर चीज यस्तो अरक्षित हुँदा सर्लाही मालमा ल्याएर बुझाइएको छ । यसको वरिपरि अरू कुनै भग्नावशेष छैन । यो टुक्रा यहाँ कताबाट आयो खोजीको विषय हुन गएको छ । यो मूर्ति यसरी त्यहाँ रहेकोले नै यसको नाम मूर्तिया इनार रहेको हो । यो स्थान ४ कोशको झाडीमा पर्दछ । इनारमा पानी छैन । जम्मै पुरिएको छ। यो इनार पनि ३।४ सय वर्षभन्दा यताको प्रतीत हुँदैन ।

## चिताइ महादेव

यो स्थान मंगलवाभन्दा उत्तरमा रहेको हरिहरपुर बजारभन्दा आधा कोश पूर्वमा छ । महादेवको मन्दिरमा कुनै पुरातात्विक वस्तु देखिदैनन् किन्तु त्यसको अगाडि एउटा फुटेको हात्तीको सानो मूर्ति छ । त्यो केही पुरानो प्रतीत हुन्छ। अतः यो स्थान पनि केही अन्वेषणीय छ ।

## धरोहर इनार

यो स्थान मूर्तिया इनारभन्दा दुई कोश पश्चिम-उत्तर कुनामा पर्दछ । यहाँ एउटा ९ हात व्यास भएको इनार छ जसलाई धरोहर इनार भन्दछन् । धरोहर ढालु परेको जमीनलाई भन्दछन् । यो ठाउँ ढालु भएको ठाउँमा हुँदा यसो भनिएको हो । यो पनि चार कोशको झाडीको बीचमा पर्दछ । यहाँ मानिसको आवागमन छैन, केवल शिकारीहरू पुग्दछन् यसलाई इनार भनिए तापनि यो मन्दिरको भग्नावशेष जस्तो लाग्दछ । पुरिएर माथिल्लो भाग मात्र देखिएको हुँदा इनार जस्तो भान पर्न संभव छ । यो एक पटक राम्रोसँग अन्वेषण गर्ने विषय छ ।

## मूर्तिया जंगल

मलंगवाबाट ५ कोश पश्चिमोत्तरमा यो स्थान छ । यो स्थान शिलामय भग्नावशेषले भरिएको छ । यसको तक्षणकला हेर्दा तेह्रौं चौधौं शताब्दीको प्रतीत हुन्छ । यो निकै विशाल भवन वा देवमन्दिर भएको अनुमान हुन्छ । यसैको पूर्वमा एउटा अर्को ईंटको भग्नावशेष छ। यो मठको भग्नावशेष प्रतीत हुन्छ । यसको दक्षिणमा एउटा निर्जल पोखरी पनि छ। यो आजकाल पुरिइसकेको छ । यसभन्दा करीब तीन कोश पश्चिम जंगलमा वाग्मती नदीभन्दा पूर्व ५ ओटा विशाल भग्नावशेष छन् र ती संभवतः त्यहाँका सामन्तका गढ हुन् । मूर्तियाका अवशेष मन्दिर र मठ पनि चार-कोशके झाडीमा पर्दछन् । यहाँ अन्वेषण हुनु नितान्त आवश्यक छ ।

## सिमरा

मलंगवाबाट तीन कोश दक्षिण पश्चिममा एउटा भग्नावशेष छ । यसका सबै वस्तु त्यहाँका जनताले हिनामिना पारिसकेका छन् । अब त्यहाँ सिंहमुख र गजमुख जलप्रणालीका अग्र भाग मात्र बाँकी छन् । तिनको कलातर्फ ध्यान दिंदा १५-१६ शताब्दीको अनुमान हुन्छ । त्यहाँका जनता यी वस्तुलाई महादेव भन्दछन् । शंका निवारणका लागि यहाँ पनि पुनः अन्वेषण हुनु आवश्यक छ

## इनरवा

मलंगवाबाट करीब २।। कोश पश्चिममा यो स्थान पर्दछ । यहाँ निकै राम्रो बस्ती छ । १९९८ सं.मा त्यहींको कुनै व्यक्तिले घडेरी खन्दा ४५ इंच अग्लो काला पत्थरको एउटा अविकल चतुर्बाहु विष्णुको मूर्ति भेट्टाएछ र यसलाई त्यहाँका जनताले एउटा मन्दिर

बनाएर त्यहीं राखे । यो मूर्ति एघारौं बाह्रौं शताब्दीमा बनेको प्रतीत हुन्छ । मूर्ति अत्यन्त सुन्दर छ (फ. सं. IIA)। यो भेटिएका ठाउँमा मुसलमानहरूका घर बनेका छन् र अहिले पनि भग्नावशेष स्पष्ट देखिन्छन् । यसमा ७ सालभन्दा अघि श्री तिलकशमशेर थापाले महोत्तरी सर्लाहीको बडाहाकिम हुँदा केही उत्खनत गराएर छाड्नुभएको रहेछ । ती सामग्री यत्रतत्र छरिएका छन् । खास गरेर विशाल विशाल शिलापट्टिका अधिक छन् । यहाँ क्षतिपूर्तिको व्यवस्था गरेर उत्खनन गरे लाभ हुन सक्तछ । कारण यो गढको श्रृंखला निकै लामो छ ।

## जलेश्वरनाथ

यो मन्दिर महोत्तरीको सदर मुकाम जलेश्वरमा पर्दछ र यसै महादेवका नामले यस ठाउँको नाम पनि जलेश्वर रहेको हो । यो महादेव प्राचीन होला भन्ने अनुमान हुन्छ । प्रायः सधैं जलमग्न रहने हुँदा यसको अध्ययन गर्न कठिन छ । यो जलमग्न भएकोले नै जलेश्वरनाथ भनिएको हो । यसका छेउछाउ कुनै भग्नावशेष छैनन् र भए ती दबिएका छन् ।

## सनोखड़ा

यो स्थान महोत्तरी जिल्लाको सदर मुकाम जलेश्वरभन्दा डेढ कोश उत्तर पर्दछ । यस मौजाको नाम पहिले टेडबा थियो र आजभन्दा करीब १०० वर्षअघि यहाँ सोनमा गढी भन्ने ठाउँमा कामविशेषले खन्दा सुनका लाप्सा भेटिए त्यसैकारण सुन उखडेको हुँदा यस ठाउँको नाम सोनउखडाको अपभ्रंश सनोखडा भयो । यहाँ प्राप्त भएको सुनले जलेश्वरनाथको मन्दिर बनाइयो भन्ने किंवदन्ती छ । आजकाल यहाँ खनजोत गर्दा ठाउँ ठाउँमा ठूला ठूला ईंट र पर्खाल पनि भेटिन्छन् । करीब ७५ वर्षअघि यहाँ मिथिला बिहारीको पोखरी सफा गर्दा मनुष्यका लामा लामा हाड, तामाका पुराना पैसा र अन्य माटाका भाँडा भेटिएका थिए रे । ती चीज आज प्राप्त छैनन् । आजकाल मानिसको पहिले नै दृष्टि पर्ने सोनमागढी छ । यहाँ माथिल्लो भागमाने ठूला ठूला ढुंगा देखिन्छन् । यस ठाउँमा पूर्वपट्टि एउटा नदी छ । यस नदीले पनि केही भग्नावशेषहरू दिन प्रतिदिन आत्मसात् गरिरहेको छ । यहाँ देखिने भग्नावशेषहरूमध्ये प्रसिद्ध स्थल यस प्रकार छन् :–

१. सोनमा गढी ।
२. बिगिही नदीको घाट ।
३. सोनामाईथान । (यो अनेठा मौजामा पर्दछ,)
४. नर्राहा भिसा ।
५. मिथिला बिहारीको भिसा ।
६. रसियाको बडका भिसा ।
७. मिथिला बिहारीको पोखरीको छेउ ।
८. बरहम थान ।

यो ठाउँ प्रायः अरू ठाउँभन्दा अग्लो छ र यहाँ कतै कतै घडेरी खन्दा बराबर ठूला ठूला ईंट र पर्खाल भेटिन्छन् । यस ठाउँमा उत्खनन गरेर हेर्नु अत्यावश्यक छ । यो मौजा गणेश गिरी भन्ने घरबारी संन्यासीको हो ।

## जनकपुर

पौराणिक कालमा जनकपुर एउटा ठूलो दार्शनिक केन्द्र थियो । राजा विदेह वा जनक यसै भूमिमा भएका थिए भन्ने हिन्दूहरू विश्वास गर्दछन् । यसको दार्शनिक परम्पराको कुरा जनताले आज पनि बिर्सन सकेका छैनन् । आज दर्शनको स्थान धार्मिक श्रद्धातिर परिणत हुँदै गएको छ र मानिसहरू त्यहाँ जान्छन् । पुराणमा यसको महत्व जतिसुकै भए तापनि पुरातात्विक दृष्टिले यस भूमिको खोज भएको छैन । आज जुन ठाउंलाई जनकपुर मानिएको छ त्यहाँ प्रसिद्ध दुई मन्दिर छन्, एउटा राममन्दिर र अर्को जानकीमन्दिर ।

## राममन्दिर

राममन्दिरलाई पुरातात्विक दृष्टिकोणबाट हेर्दा त्यहाँ भएका मूर्तिबाट ईशाको एघारौं शताब्दीसम्म पुग्न पनि कठिन छ । बाहिर कुनै मूर्ति वा प्राचीन अभिलेख छैनन् । भित्री भागमा केही मूर्ति छन् जो

घिसिएर नष्टप्राय: छन्। राममन्दिरको छेउमा एउटा वटवृक्ष छ जो केही प्राचीन भग्नावशेष त्यहाँ हुने संकेत गर्दछ। ध्वंसावशेषको सर्वप्रथम पत्ता लगाउनेमा राममन्दिरका पक्षतिर स्वामी चतुर्भुज गिरीको नाम लिन्छन्। त्यसभन्दा पहिले यहाँ जंगल थियो भन्ने किंवदन्ती छ।

## स्वामी चतुर्भुज गिरी

चतुर्भुज गिरीको जन्म विक्रमको सत्रौं शताब्दीको अन्ततिर भएको थियो। उनी कतैबाट जनकपुरको जंगलमा तपस्या गर्न लागेका थिए र त्यसै समय उनले त्यहाँ रामचन्द्रको मूर्ति कहीं दबिएको छ भन्ने सपना देखे र सोही सपनाको आधारमा खोजी गर्दा वर्तमान राममन्दिरमा स्थापित भएका मूर्ति भेटिए भन्ने किंवदन्ती छ। यो कुरा उनले सरकारमा जाहेर गरे। त्यस समयमा जनकपुरको जंगल मकवानपुरका सेनवंशका हातमा थियो र राजाबाट उनले वि. सं १७१४ मा रामचन्द्रको पूजा चलाउन यथेष्ट जमीन बिर्ता पाए। अब क्रमशः विकाश हुँदै गयो। वि. सं १८३९ मा अर्थात् रणबहादुर शाहका पालामा अमरसिंह थापाले अनेक मन्दिर बनाए। हाम्रो नेपाल तराईमा भएको नेपाली शैलीको यो राम-मन्दिर पहिलो मन्दिर हो। यो मठ सरकारको संरक्षणमा छ।

## जानकीमन्दिर

जसरी चतुर्भुज गिरीले सपना देखेर रामको मूर्ति पाए त्यसै गरी त्यसभन्दा केही समयपछि एउटा वैष्णव महात्मा, जो सुरकिशोरदासका नामले प्रख्यात भए, उनले जानकीको मूर्ति पाए। यिनले पनि राजामा बिन्तीभाउ गरे र मकवानपुरका राजा मानिक सेनका पालामा अर्थात् वि. सं १७८४ मा प्रशस्त बिर्ता पाए। यसपछि जनकपुरको निकै विकास हुँदै गयो। यी दुई मन्दिरको विकासपछि अनेक मन्दिर बने। जस्तै, लक्ष्मणमन्दिर, जनकमन्दिर आदि। जानकीमन्दिरको महन्त्याइंको परंपरा यस प्रकार छः—

। १. सुरकिशोरदास ( यिनका पालासम्म महन्त्याइं भएको थिएन )
। २. प्रयागदास
। ३. जनकवैदेहीदास
। ४. हरिनारायणदास
। ५. बलरामदास
। ६. सुवर्णदास
। ७. विश्वम्भरदास
। ८. रामगुलेलादास
। ९. नरहरिदास
। १०. हरिभजनदास
। ११. रामकृष्णदास
। १२. नवलकिशोरदास
। १३. रामकरणदास (वर्तमान)

यस महन्त्याइंको परपरामा सुरकिशोरबाहेक अरू कोही पनि प्रभावशाली भएनन्। उनले भने वैष्णव-साहित्यको भण्डार पनि भरेका छन्। उनले लेखेका पुस्तकमध्ये 'सीतायन' पाइएको छ र काव्यका दृष्टिले महत्वको छ। यो निकै मोटो ग्रन्थ छ। यसबाहेक 'मिथिला विलास' आदि सानातिना रचना पनि प्राप्त भएका छन्।

वर्तमान जानकीमन्दिरको पुरातात्विक दृष्टिले अहिले महत्व नभए तापनि यसको कलाको दृष्टिले महत्व छ। हाम्रो देशमा भएको मोगल वास्तुशैलीको नमूनामध्ये यो महत्वपूर्ण नमूना हो। यो मन्दिर दुई भागमा विभक्त छ। बाहिरी भागमा अत्यन्त सुन्दर गिर्दा छ, जसमा अनेक स्वर्ण गजुरको सजावट छ। बाहिरी भागमा 'शीशमहल र तहखाना' प्रसिद्ध छन्। आजकल जनकपुर आउने विशिष्ट व्यक्तिहरू 'शीश महलमा' बस्तछन् र अन्य भागमा सामान्य यात्री। गिर्दाको भित्री भागमा चारैतिर प्राङ्गण छ र त्यस-भन्दा भित्र मुख्य मन्दिर छ। भित्री मन्दिरमा किमती सिंगमरमरले भुइं छापिएको छ। साथै माथिल्लो महल किमती सुर्वणगजुरले युक्त छ। यसै मन्दिरमा

वैरागी सुरकिशोरदासले भेटेको जानकीको मूर्ति पनि राखिएको छ । वास्तवमा त्यो मूर्तिको प्राधान्य आज छैन । यो मूर्ति पनि ईसाको एघारौं शताब्दीभन्दा पुरानो हुन सक्तैन । आजकाल विशेष प्रतिष्ठा भएका मूर्ति चाहिं मन्दिर बनाउँदा बनाएर राखिएका सेता सिंगमरमरका मूर्ति छन् ।

वर्तमान जानकीमन्दिरको प्रचलित नाम 'नौलखा मन्दिर' हो । यसको निर्माण टीकमगढकी महारानी वृषभानुकुमारीले गराएकी हुन् । यस मन्दिरका संबन्धमा भनिन्छ पहिले यसको निर्माणको लागि नौं लाख संकल्प गरिएको थियो यसै कारण 'नौलखामन्दिर' का नामले प्रसिद्ध भयो। यद्यपि यसको निर्माण कार्य समाप्त गर्दा बाईस लाख रुपियाँ व्यय भइसकेको थियो अरे । नौलखा मन्दिरको प्रतिष्ठा विक्रम सं १९६७ साल माघ २८ गते तद्नुसार ११ फेब्रुवरी १९११ ईसवीमा भएको हो । यसलाई नेपालको ताजमहल भनेमा कुनै अत्युक्ति हुँदैन । तर खेदको कुरा छ, यो दिन प्रतिदिन नष्ट हुँदै गइरहेको छ ।

## कपिलेश्वर

यो स्थान जनकपुरधामभन्दा आधा कोश पूर्वमा छ । यहाँ अनेक भग्नावशेषका चिह्न पाइन्छन् । यो ठाउँ अन्यत्रभन्दा केही उच्च छ । यहाँ कपिलेश्वर महादेवको मन्दिर छ जहां करीब २५ वर्ष यता कुनै पूजाआजा हुँदैन । यसको गुठ पनि छ । अन्यत्र सारी पूजा गर्न थाले । यो कुरा सरकारमा पनि विदित भैसकेको छ । उक्त सारिएको मूर्ति सेनवंशको समकालीन प्रतीत हुन्छ । यो छाडिएको मन्दिर आज हो कि भोलि ढल्ला जस्तो छ र यसभित्र कोही पस्ने साहस गर्दैन । मैले यस मन्दिरको भित्री भागमा गएर खनेर हेरें । त्यहाँ एउटा सुन्दर कुमारको मूर्ति फेला पारें । यो मूर्ति ईशाको दशौं शताब्दीको अनुमान हुन्छ ।

कुमारको मूर्ति फेला पारेपछि मेरो साहस अझ दृढ भयो र मैले आफ्नु अनुसन्धान कार्य अझै अघि बढाएँ । फलतः त्यस ठाउँभन्दा २०० गज जति पूर्वमा एक अर्को सुन्दर योगमायाको मूर्ति फेला पारें । यो ठाउँ पनि अरू ठाउँभन्दा अग्लो छ र प्राचीन भग्नावशेष प्रतीत हुन्छ । योगमायाको मूर्ति पालशैलीको अर्थात् नवौं शताब्दीको प्रतीत हुन्छ । नेपाली मूर्तिकलाको इतिहासमा यति सुन्दर नारीमूर्ति अहिले सम्म अर्को फेला परेको छैन । यसमा वात्सल्यप्रेमयुक्त नवप्रसूता नारीले पलंगमा लेटेर बालकलाई दुग्ध पान गराइरहेको र अन्य व्यक्ति ती नवप्रसूता नारीको सेवा सुश्रूषामा तल्लीन भएको आकृति अंकित छ । यो सौम्य मूर्ति जति हेर्‍यो उति राम्रो लाग्दछ। ती नारीको जीवन धनधान्यले परिपूर्ण देखाइको छ र त्यो वैभव लक्ष्मीको प्रतीत हुन्छ । बालकका सम्बधमा नारदको कामुकता प्रति लक्ष्मीले परिहास गरेको कथा संबद्ध छ । अर्कोतिर यसले प्रधान मातृका र सद्योजातलाई पनि संकेत गर्दछ । अतः यो महत्वपूर्ण गवेषणाको विषय हुन आएको छ । यस मूर्तिको चित्र श्री ५ को सरकार पुरातत्व विभागको संग्रहमा छ ।

यसै गाउँमा एक व्यक्ति जेनुल दफाली मियाले २०१२ साल तिर जमीन खन्दा करीब २ हात तल ७ ओटा कांसाका थाल पाएको रहेछ र ६ ओटा बेचेर पनि खाइसकेको र बाँकी एउटा फेला पारें । त्यो पाइएका ठाउँमा यो शताब्दी यता कुनै आवादी भएको छैन, बाँझो छ । कपिलेश्वर पनि चतुर्भुज गिरीकै समयमा आवाद भएको हो भन्ने त्यहाँको जनविश्वास छ ।

## कूवा

यो स्थान जनकपुरभन्दा पौने कोश दक्षिणमा पर्दछ । यो स्थान पनि चतुर्भुज गिरीकै समयमा आवाद भएको हो भनिन्छ । यहाँ एउटा महादेवमन्दिर छ जसलाई कूपेश्वरनाथ भन्दछन् । महादेवमन्दिर भएको स्थान केही उच्च स्थानमा देखिन्छ । यो मन्दिर वा देवता कुनै पनि प्राचीन छैनन् र अर्वाचीन भन्न पनि सकिंदैन । पुरातात्विक दृष्टिबाट नवीन छन् । यसका वरिपरि कुनै पनि भग्नावशेष छैनन् । दबिएको भए त्यो भन्न कठिन छ ।

## हनूमान् नगर

यो स्थान जनकपुरभन्दा करीब एककोश दक्षिणमा पर्दछ । यहाँ एउटा हनूमान्मन्दिर छ र देवता वा मूर्ति अन्तिम सेनकालको प्रतीत हुन्छ । यो स्थान पनि चतुर्भुजकै समयमा आवाद भएको हो भन्ने भनाइ छ । यहाँ प्राप्त भएका अभिलेखमा सबभन्दा पुरानो श्री ५ प्रतापसिंह शाहको वि. सं. १८३३ को लालमोहर छ । यो मठ वैरागीहरूका हातमा छ । ती महन्तहरूको क्रम यस प्रकार छः—

१. प्रीतमदास

२. रामप्रसाददास

३. माई (प्रीतमदासकी पत्नी)

४. दुखभंजनदास (१८७८–९३ महन्त्याइँ)

५. सीतारामदास

६. पुजारी ठाकुरदास

७. हरिचरणदास

८. सियारामदास (महन्त्याइँ १९१६, मृत्यु १९५८ वैशाख)

९. केशवदास जन्म १९४० (जीवित)

यहाँ बाहिर कुनै पुरातात्विक सामग्री दृष्टिगोचर हुँदैनन् । केही उच्च स्थान भएको हुँदा प्राचीन भग्नावशेष दबेको छ कि भन्ने अनुमान सम्म गर्न सकिन्छ ।

## मडवा

यो स्थान जनकपुरधामबाट करीब १ कोश उत्तर-पश्चिम कोणमा मुजेलिया भन्ने प्रसिद्ध गाउँको पश्चिम रानीबजार भन्ने गाउँको छेउमा पर्दछ । यहाँ किंवदन्तीद्वारा सीतासित संपर्क गराइएका तीन मण्डप (ढिस्का) र एक पोखरी छन् । तिनमा हेर्दा त्यहाँ कुनै पुरातात्विक सामग्री हुने आशा छैन । यो ढिस्कामा जुत्ता लगाएर जान वर्जित छ । यसप्रति धार्मिक श्रद्धा कायम रहेको कुरा अन्वेषणीय छ ।

## भतही

यो स्थान जनकपुरबाट करीब ३।। कोश पूर्वोत्तर कुनामा पर्दछ । यस गढका संबन्धमा केही दिनअघि यस मौजाका जमीन्दार झ्याउले गिरीले बडाहाकिमका समक्ष गोठालाहरूले केहा काम विशेषले खन्दा कौडी फेला पारे, साथै यहाँ ढिस्कामा अन्य वस्तु पनि फेला पारे भन्ने कुरा पेश गर्नुभएको रहेछ र श्री ५ को सरकार पुरातत्व र संस्कृति विभागलाई त्यही कुरा महोत्तरीका बडाहाकिमले सूचित गर्नुभयो । सोही मुताबिक विभागको आदेशानुसार मैले त्यस स्थलको निरीक्षण गरें ।

यो मध्यकालीन भग्नावशेष रहेछ । यहाँ खनेर हेर्दा गढका टाकुराको जमीनको सतहभन्दा करीब ३ फुट तल ढुंगाका यी वस्तुहरू फेला पारें (फ.सं. IIIB) ।

१. लक्ष्मीको भग्नमूर्ति ।

२. सरस्वतीको भग्नमूर्ति ।

३. विष्णुको भग्नमूर्ति (दाहिने पाखुरोमात्र) ।

४. कमलासन भग्न ।

५. तोरण भग्न ।

यी सबै टुक्रा जम्मा गरेर हेर्दा मलाई एउटै मूर्तिका टुक्रा जस्तो लाग्यो र जोडेर हेरें । यो प्रधानतः विष्णुको मूर्ति रहेछ । विष्णुको पूरा अंग प्राप्त हुन सकेको छैन । त्यो त्यहीं अरु उत्खनन गरेमा प्राप्त हुन सक्तछ । यसको दाहिने पाखुराको छेउमा गजतोरण मुनि यी अक्षर अंकित छन् (फ. सं. IA) ।



यो अभिलेख अहिलेसम्म पढ्न सकिएको छैन । यस गढको उत्तरपट्टि अर्को एउटा गढ छ जसमा बाहिरपट्टि नै ईंट छरिएका देखिन्छन् । यसैको छेउमा

एउटा ढिस्को छ जहाँबाट कौडी प्राप्त भएका थिए । ती सबै कौडी अब हिनामिना भैसकेका छन् । करीब आधा माना कौडी पुरातत्वविभागमा सुरक्षित छन् ।

यो गढ भएको ठाउँ अहिले आवाद छैन । यो गाउँनै आवाद भएको करीब एक शताब्दी भयो । अर्थात् वि. सं. १९०८ सालतिर यो भूमि जंगबहादुरका पालामा आबाद भएको हो । गढको भग्नावशेष करीब १२ बिघा भूमिमा फैलिएको छ र अब त्यहाँका जनताले क्रमशः मास्तै ल्याएका छन् । यस भूमिलाई चाँडै नै सुरक्षित भूमि घोषित नगरे ती सबै वस्तु क्रमशः नष्ट हुन जानेछन् । अतः निम्नलिखित ४ किल्लाभित्रको भूमि अर्को आदेश नभएसम्म खनजोत गर्न रोक्का गरिएको छ भनी तत्काल रोक्का गरेर सुरक्षित भूमि घोषित गर्नुपर्दछ ।

१. खतबे टोल डगर (बाटो) भन्दा पूर्व ।
२. पुरनी पोखरीदेखि पश्चिम ।
३. आवादी फूलबारीभन्दा दक्षिण ।
४. डगर पोखरीभन्दा उत्तर ।

## धनुषा

यो स्थान भतहीबाट १।। कोश उत्तर अर्थात् जनकपुरबाट ५ कोश पूर्वोत्तरमा छ । यसको पुरातात्विक दृष्टिले उति महत्व छैन तर धार्मिक दृष्टिले ठूलो महत्व छ । यहाँ केही कीट जस्ता ढुंगा भनौं वा कीटकै केही चट्टान छन् जसलाई धनुषको टुक्रा भनिन्छ । यसबाहेक अरू कुनै पुरातात्विक सामग्री अहिलेसम्म दृटिगोचर भएका छैनन् । यसले यति धार्मिक आदर कहिलेदेखि पाउन थाल्यो यो अन्वेषणीय छ ।

## सोनापत गढ

यी स्थान धनुषाभन्दा दुई कोश उत्तर–पश्चिममा छ र जनकपुरभन्दा ७ कोश पूर्वोत्तरमा पर्दछ । अझै स्पष्ट भनौं भने यो नौसय बिघाभन्दा उत्तर र पर्वत मौजाभन्दा पूर्वोत्तरमा पर्दछ । यो गढको भग्नावशेष आजकाल जंगलमा परिणत भएको छ । संभवतः यो गढ सेनहरूको हो र यसको खोज भएमा पुरानो भग्नावशेष पनि भेटिने संभावना छ । नाप्ने साधन नहुँदा मैले हात्तीमा चढेर यसको परिक्रमा गरें । पूरा गढ घुम्न १५ मिनट लाग्यो । यस गढ भन्दा दक्षिण करीब ५०० गज गए पछि अर्को गढ भेटिन्छ । जो सोनापत वा सेनापति गढको अपेक्षा सानो छ । यो पनि अन्वेषणीय छ ।

## सारांश

कोशीदेखि गण्डकीसम्म मिथिला–क्षेत्र हो । मिथिलामा प्राचीन कालमा विदेहवंशको राज्य थियो । त्यसपछि धेरै समयसम्म इतिहास अन्धकारमय रहन्छ । विदेह वंशको उत्तराधिकारमा हामी एकै चोटि वृज्जी वंशको शासन पाउँछौ । त्यसपछि पुनः अन्धकार काल आउँछ । ईसाको सातौं शताब्दीमा भारतयात्रा गर्ने चिनियाँ यत्री हुयङ् साङ् मिथिला पनि आएका थिए । उनले आफ्नो वृत्तान्तमा लेखेका छन्–तिरहूतभित्र दक्षिणमा वैशाली र उत्तरमा वृज्जी राज्य छन् । वृज्जी राज्य पूर्वदेखि पश्चिमसम्म फैलिएको ८०० माइलको घेरामा छ । यसको राजधानी चनसुना (जनकपुर) ज्यादै बिग्रेको अवस्थामा छ । आजकाल यहाँ अधिकांश व्यक्ति हिन्दू छन् । थोरै मात्रामा बौद्धधर्म मान्ने छन् ।

हुयङ् साङ्को यात्रापछि मिथिलाको अरू विशेष उल्लेख पाइदैन र एकैचोटि नवौं शताब्दीमा पालवंशको उदय भएको देखिन्छ । यो प्रभाव एघारौं शताब्दीसम्म रह्यो । यसपछि यो भूभाग कर्नाट राजवंशका हातमा गयो र यो वंशले करीब यस वर्ष जति राज्य गरेपछि यो क्षेत्र सेनवंशको हातमा पर्‍यो । सेनको उत्तराधिकार शाहवंशले पायो जो अद्यापि कायमै छ । यसबाट यो अनुभव भयो शाहवंशभन्दा अघि सेनहरूको राज्य तराईमा पश्चिमा वर्तमान खजहनी स्यूराजदेखि लिएर पूर्वमा वर्तमान झापासम्म थियो र उत्तरमा थियो सारा दक्षिणी महाभारतको श्रृंखला । अतः यहां पाइएका पुरातात्विक सामग्री लाई पनि यस क्रमले हेर्नु आवश्यक छ ।



क. भतहीमा पाइएको अपठित लिपि भएको विष्णुको भग्नमूर्त्ति । हेर्नुहोस् पृ. ९ ।

A. Stone fragment of Vishnu image with undeciphered inscription at Bhatahi. See page 9.



ख. चित्रसारीमा पाइएका मृण्मयमूर्त्ति । हेर्नुहोस् पृ. २।

B. Terracotta figurines found at Chitrasari. See page 2.



क. इनरवामा रहेको विष्णुमूर्त्ति । हेर्नुहोस् पृ. ६ ।

A. Stone image of Vishnu at Inarava.



ख. रापती मनौरीमा रहेको हनूमानमूर्ति । हेर्नुहोस् पृ. २।

B. Stone image of Hanuman at Rapti Manauri.



ग. हनूमान्गञ्जमा रहेको विष्णुमूर्त्ति । हेर्नुहोस् पृ. ४ ।

C. Stone image of Vishnu at Hanumanganj. See page 4



क. देवघाटमा रहेका कतिपय मूर्त्तिहरू । हेर्नुहोस् पृ. २ ।
A . Stone images at Devaghat. See page 2.



ख. भतहीमा रहेका विष्णु, लक्ष्मी, सरस्वतीका तोरणको भग्न खण्ड । हेर्नुहोस् पृ. ९ ।
B. Stone fragments of Vishnu, Lakshmi, Sarasvati and a Torana. See page 9.



क. बसेनीमा रहेका गणशको मूर्त्ति । हेर्नुहोस् पृ. २ ।
A. Stone image of Ganesa at Baseni. See page 2.



ख. सागरनाथमा रहेको नन्दीको मूर्त्ति । हेर्नुहोस् पृ. ४ ।
B. Stone figure of Nandi at Sagarnatha. See page 4.

# ऐतिहासिक निरीक्षण र त्यसको उपलब्धि

शङ्करमान राजवंशी

वि. सं. २०२३ मार्ग २६ गते पुरातत्त्वविभाग-बाट पश्चिम १ नंबर नुवाकोटको ऐतिहासिक निरीक्षणका निमित्त एक दल खटिएको थियो । त्यसमा म पनि संमिलित थिएं । यसभन्दा अघि २०१९ साल आषाढमा पनि त्यस ठाउँको ऐतिहासिक निरीक्षणका निमित्त एक दल खटिएको थियो । त्यसमा पनि म खटिएको थिएँ । त्यस बखत वर्षा याम हुनाले पहाडमा बाटोको कठिनाइले गर्दा देवीघाटसम्म मात्र निरीक्षण गरिएको थियो । त्यस बखत उपलब्धि भएका ऐतिहासिक सामान शिलालेख तामापत्रहरू थिए । ती सामान पुरातत्वपत्रसंग्रह तेस्रो भागमा प्रकाशित गरिएका छन् । २०२३ सालमा गरिएको ऐतिहासिक निरीक्षणमा धैंबुङ, महामण्डल, कालिका, मालिका, देवीघाट, फिर्केप, त्रिशूली, वेत्रावती, वनदेवी आदि ठाउँमा निरीक्षण गरियो ।

धैंबुङ डाँडामाथि देवीको स्थान छ । त्यहाँ भोग लाग्दो रहेछ । त्यो ठाउँ किल्ला जस्तो किसिमको छ । त्यहाँ अभिलेख पाइएन । यो निकै अग्लोमा पर्छ । त्यसभन्दा नुवाकोट धेरै तल पर्ने हुनाले त्यहाँ-बाट नुवाकोट आक्रमण गर्न धेरै सजिलो पर्छ । त्यसैले नेपाल चीनको लदाईमा सन्धि गर्ने कुरा चल्दा चीनले धैंबुङसम्म आउन देऊ त्यहीं बसी सन्धि गरौंला भनेको हुनुपर्छ । वेत्रावती लहरे पौवातिर दुइ चार ओटा शाहकालका शिलालेख भेट्टिए । महामण्डलमा पनि देवीको स्थान छ । त्यहाँ पनि भोग लाग्दो रहेछ । त्यसको अलि तल मौलो छ । यो ठाउँ नुवाकोटको शिरैमा पर्दछ । त्यहाँबाट नुवाकोट आक्रमण गर्न निकै सजिलो पर्ने हुनाले पृथ्वीनारायणले पहिले महा-मण्डल चढी नुवाकोट आक्रमण गरेका हुन् । यहाँ शिलालेख छैन । विशेष गरी नुवाकोटमै बढीमात्रामा ऐतिहासिक सामानहरू छन् । देवीघाटको पारीपट्टि फिर्केपमा अलिकता शाहकालका शिलालेख छन् । यस पटकको निरीक्षणमा विशेष गरी मल्ल राजा जयप्रकाश तथा रणजित् मल्लका लालमोहर कागतपत्र र श्री पृथ्वी-नारायणशाहदेखि श्री ५ रणबहादुर शाहसम्मका लालमोहरहरू प्राप्त भएका छन् । मल्ल राजाले गरिदिएका लालमोहर कागतमा पनि रातो ठूलो यन्त्रा-कारको छाप लागेको छ ।

त्यस यात्राबाट फर्केर आएपछि लगत्तै माघ महीनामा पूर्व इलाम तथा भद्रपुरमा ऐतिहासिक सामानको अनुसन्धानका निमित्त फेरि पुरातत्वविभाग-बाट एक दल खटिएको थियो । त्यसमा पनि म खटि-एको थिएँ । त्यहाँबाट पनि किपटजग्गासंबन्धी गरिदिएको श्री ५ पृथ्वीनारायण शाहका लालमोहर तथा त्यसभन्दा पछिका सनदसबालका कागतपत्रहरू निकै भेट्टिएका छन् । नुवाकोटका र पूर्वका ती सामानहरूमा छानवीन गरी केही ताडपत्र पनि मिलाई पुरातत्वपत्रसंग्रह चौथो भाग सम्पादन गरिएको छ । सो प्रकाशनका निमित्त प्रेशमा जाने भएको छ । त्यसै मध्येबाट जयप्रकाशका र पृथ्वीनारायण शाहका अलिकता लालमोहर र त्यसको संक्षिप्त व्याख्या यहाँ दिइन्छ ।

# गोसाईंहरूलाई गरिदिएका जय-प्रकाश मल्लका लालमोहर

## श्री ३ पशुपति जयति

स्वस्तिश्रीमत्पशुपतीत्यादि माहाराजाधिराज श्रीश्रीश्री मज्जयजयप्रकाश मल्लदेव परम भट्टारक देवानाम् सदा समर विजइनाम्—इत श्री कमलवन गुसायि श्रोरषमंपुरि गुसायिके नमो नारायन इहा कुशल ताहा कुसल चाहि उप्रान्त हाम्रा पास जो रुपैया है एजो फिकिर करना नहि चाहिए उप्रान्त हुने कुछु वस्तु रष्के पैसा रेनेको किएथे उस रोज रेवावं आएथे उस रोजमे चिज भेजदेने रगेथे रेवावं गुसायिने जदाव्का चिजचे जोषि-हि रषना सकयका हो नहितो उस रोजमे वस्तुक भेजदेथे आगे दोइ चार हजार कर दिआ अब हमारा काम नगि आइरहा तिससो दो हजारका काम करदेना चाहिए एतनामो हमारा काम आवका हय जिस् रोजमे हमारा काम होगा तिसो हमारा काम होयके दिनमे जतना हमारा पास आइ-रहा सा पेसाका दुगुना माहादेवका सेवा काएगे अउर बात जो चाहय सो कवसि कहगे श्रावन वदि ७ रोज ४ मुकाम ललितपट्टन शुभं

## श्री ३ पशुपति जयति

स्वस्ति श्रीमत्यशुपतित्यादि माहाराजाधिराज श्री-श्रीमज्जयजयप्रकाश मल्ल परम भट्टारक देवानाम् सदा समल विजइनाम्–इत महंत कमरवन गुसाइ रषंपुरि महंतके नमो नारायन इहा कुसल ताहा कुसल चाहि. आहाक समाचाल निको हए उप्रान्त महंत हमपर दया होइतो होइ आहा आवना चाहे नाहितो एक आवना चाहे उप्रान्त छहजार महिन्द्रमल्लिमे हमारा काम अतका हए आगे हमारा काम वहुत कल दिया अभि मेरा काम यवना करदेना चाहय विस विस हजारका चिज॰ लर्के छहजार देना परा यतना काम तुमारा करदीय सो हमाला काम सव वताहय आज क्या कहएगु हमारा दिरमे हय वहुत क्या कहदे मुहुजवानि कौसिका सहि मिति ज्येष्ठ वदि १५ रोज २ मुकाम ललित पट्टन सुभम्

## श्री ३ पशुपतिर्जयति

**नारायण**

स्वस्तिश्रीमत्पशुपति चरणकमलेत्यादि श्रीमन्महाराजा-धिराज श्रीश्री जय जय प्रकाशमल्लदेवानां सदा समर विजयिनाम् श्री भगवतिवन गोशाइको नमो...... वाचना आगे इहा हमारे कुशल आनन्द है उहा आपका कुशल आनन्द हमेशा चाहि तो वहुत षातिर्जमा है आगे हकिगत सव भली है आपका पाश गुदरवानाको भेजा है जो गुदरवाना कहै सो आपने प्रमान मानना कहा जो करना तुमारे चार भाई वंधु है और वन पंथ सो लेरआ-उना वावा गुदर कहै सो जिनीश समेत आउना आपके सो कमलवन गोशाइका चेले हौ सो मेरा अतीत हौ कौनै वातमो अविश्वास नमानना वहुत क्या लेषए आप सज्ञान हौ मु. कांतिपुर

## श्री ३ पशुपतिर्जयति

स्वस्तिश्रीमत्पशुपति चरणकमल धूलि धूसरित-शिरोरुह श्रीमन्मानेश्वरीष्टदेवता वरलब्धप्रसाददेदीप्यमा-नमानोन्नत रविकुल तिलक हनूमध्वज नेपालेश्वर सकल-राजचक्राधीश्वर श्रीमन्महाराजाधिराज श्रीश्रीजयजय-प्रकाशमल्ल परम भट्टारकदेवानां सदा समरविजयिनाम्

दुर्व्वासावन लछमनवन जागेश्वरवन भोरवन नओल-वन् चतुरवन इन्ह सवको व्यवस्था करालपत्र करदिया ऐतना भाइ तुम लोक भगवतीवनका आग्यापर चलना उनकी आग्यापर रहना मीलकऐ रहना कोई फुटना कोई दावा झगर्मतिकर्ना जो फुटए जो भाई इस्कोता ऐन मानऐ सो मेरि गुणहगार चार डेहि दो मथ भगवती-वनका हवाले करदिया सोहि सव भाईने मानना नेपाल संवत् ८८४ मिति चैत्र वदि ११ रोज ५ मुकाम श्रीकांतिपुर शुभं—

यसमा दिइएको सालमितिको गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ

ने.सं. ८८४ वि.सं. १८२१ चैत्र कृष्ण (पूर्णान्तमान बाट वैशाखकृष्ण)

| गते | वार | तिथि | घडी पला |
| --- | --- | --- | --- |
| वैशाख १८ | बृहस्पति | एकादशी | ४९।५० |

यी चार ओटा लालमोहर पश्चिम १ नम्बर नुवाकोटको धामी श्री हरिमानसिं डङ्गोलको सौजन्यबाट प्राप्त भएका हुन् ।

## व्याख्या

जयप्रकाश मल्ल कान्तिपुरका अन्तिम राजा हुन् । यिनी कान्तिपुरको राजगद्दीमा बसेदेखिन् यिनको जीवन धेरै संघर्षमै बितेको थियो । बाबु जगज्जय मल्लको शेषपछि यिनी राजा हुंदा राजगद्दीका हकदार ह्वैनन् भनी भारदारहरूले निकै विद्रोह गरेका थिए। तर जयप्रकाश साहसी हुनाले ती भारदारहरूलाई दबाए। वि. सं. १८०३मा भक्तपुरले गोरखाको सहायता लिई कान्तिपुरका साँखुचाँगु दक्खल गर्दा तिनलाई जयप्रकाशले हटाउन सकेनन् । यस्तै मौकामा टौढिक काजीको नेतृत्वमा भारदारले जयप्रकाशलाई राज्यच्युत गरी उनका छोरा ज्योतिप्रकाशलाई राजगद्दीमा राखे । ठौढिक काजीले ती भक्तपुरेलाई धपाइदिए । जयप्रकाश भागी भागी हिड्नुपर्‍यो । केही वर्षपछि विद्रोहीलाई दबाई जयप्रकाश फेरि राजगद्दीमा बसे ।

यसरी भित्रको संघर्षबाट फुर्सत पाएपछि बाहिरका शत्रुसंग लड्ने बन्दोबस्तमा लागे । यिनले कीर्तिपुरमा गोरखालीलाई दुइ पटक हराएका थिए । ललितपुरमा विश्वजित् मल्लको हत्या भएपछि वि.सं. १८१७ मा ललितपुरका काजीहरूले जयप्रकाशलाई ललितपुरको राजा बनाए। ललितपुरे काजीहरू जयप्रकाशलाई आफ्नो मुट्ठीमा राख्न चाहन्थे । तर जयप्रकाश दब्न चाँहदैनथे । यसैमा गडबड भई ललितपुरे काजीहरूले जयप्रकाशलाई ललितपुरबाट निकालिदिएर वि.सं. १८१९ मा भक्तपुरका राजा रणजित् मल्ललाई राजा बनाए।

उता गोरखाली घेरा दिई नाकाबन्दी गर्न लागेका थिए। यता सुधा राजा रणजित् मल्लबाट आफ्नो काम नबनेकोले ललितपुरे काजीहरू हार मानी फेरि जयप्रकाशलाईनै राजा माने । जयप्रकाशले पनि पहिलेको ईख फेर्ने मौका भेट्टाई ती काजीहरूलाई झुक्याई कैद गरी जयप्रकाश ललितपुरको सर्वेसर्वा बने । तर यस कामले ललितपुरेहरू कान्तिपुरेका शत्रु भए । आखिर जयप्रकाशले फेरि ललितपुर छोड्न कर लाग्यो ।

यसरी जयप्रकाश ललितपुरमा केही काल राजा भएका थिए । जयप्रकाशले कमलवन गोसाईंलाई गरिदिएका माथिका पहिलो र दोस्रो लालमोहरमा मुकाम ललितपट्टन लेखिएको छ । त्यसकारण जयप्रकाशले ललितपुरमा बसेको वेलामा ती लालमोहर गरिदिएका हुन् भन्ने कुरो स्पष्ट छ । कमलवन गोसाई लक्ष्मणपुरी गोसाईं, भगवतीवन गोसाईं जयप्रकाशका मित्र थिए । जयप्रकाशलाई तिनीहरूले मद्दत गर्दथे । ती कमलवन गोसाईंहरू महन्त हुन् । महन्तहरूको मठको गुठीजग्गाबाट धेरै आयस्ता हुन्थ्यो । पहिलो र दोस्रो लालमोहरमा जयप्रकाशले कमलवन गोसाईंहरूसंग मद्दत मागेको कुरो उल्लेख छ । तेस्रो लालमोहरमा आश्वासन दिएको र चोथो लालमोरमा तिनीहरूका लागि व्यवस्था गरिएको कुरो उल्लेख छ। तेस्रो र चौथो लालमोहरमा मुकाम कान्तिपुर लेखिएको छ। त्यस कारण जयप्रकाशले ती दुई लालमोहर चाहिं कान्तिपुरबाट गरिदिएका हुन् भन्ने स्पष्ट छ ।

## गोसाईंहरूलाई गरिदिएका श्री ५ पृथ्वीनारायण शाहका लालमोहर

### श्री दुर्गा

स्वस्ति श्री गिरिराजचक्रचूडामनि नरनारायनेत्यादि विविधविरुदावलिविराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री पृथ्वीनारायनसाहदेवानां सदा समरविजयीनां

आगे कंवलवन गोसाजिको माल कुतिको वाटो गरी नेपाल आउँदा चँवर घोरा हरिताल सुना ल्याउंदा माफ भयो कसैले टोक टाक नगर्नु छाडिदिनु इति संवत् १८०६ फाल्गुण वदि ५ रोज ५ मुकाम नुवाकोट शुभं

यसमा दिइएको तिथिमितिको गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

वि. सं. १८०६ फाल्गुन कृष्ण

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| फाल्गुन १९ | बृहस्पति | पञ्चमी | ३७।१० |

## श्री दुर्गा

स्तस्तिश्रीगिरिराजचक्रचूडामनि नरनारायनेत्यादि विविधविरुदावलि विराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमन्नृप पृथ्वीनारायन साहदेवानां सदा समर विजयीनाम्

स्वस्ति श्री सर्वोपमा योग्य सर्व भारा सामर्थ श्रीकमलवन श्रीलक्ष्योमनपुरि श्री दयालपुरि गोसाजिको नमो नारायन पूर्वक पत्रमिदं इहा कुशल ताहा कुशल चाहिये येहिते परमानंद होइ पत्र आइल अर्थ पावल आगे इहाँको समाचार निको छ उप्रांत तिम्रा हाम्रा लेषाको अर्थ भरि फागुन भरि पुऱ्याउला उप्रांत तिम्रा घोराको जगात छपाउनिको माफ गरि दिइउँ विज्ञेषु किमधिकं मुहु जवानि कटवालाको सहि पौष वदि ५ रोज ६ मुकाम नुवाकोट शुभ

## श्री दुर्गा

स्वस्ति श्री गिरिराजचक्र चूडामनि नरनारायनेत्यादि विविधविरुदावलि विराजमानमानोन्नत श्रींमन्महाराजाधिराज श्रीश्रीश्रीमन्नृप पृथ्वीनारायन साहदेवानां सदा समरविजयीनां

स्वस्तिश्री महांत कमलवन गोसाजि लक्ष्योमनपुरि गोसाजि दयालपुरि गोसाजिके नमोनारायन पूर्वक पत्रमिदं इहा कुशल ताहां कुशल चाहिये येहिते परमानंद होइ पत्र आये अर्थ पाये इहाका समाचार निके है उप्रांत जो लिषि पठाये सो भला भोटसैं वाज आये पिछे वात वनि रहैगा विज्ञेषु किमधिकं मुहुजवानि पतृवालाके सहि आश्विन शुदि ११ रोज ७ मुकाम नुवाकोट शुभं

## श्री दुर्गा

स्वस्तिश्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलि विराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री मन्नृप पृथ्वीनारायण साहदेवानां सदा समर विजयिनाम् – स्वस्ति श्रीसर्वोपमायोग्य मर्यादा महोदधि सकल गुण गरिष्ठ श्रीमहांत कमलवन तथा श्रीमहांत लक्षिमनपुरि तथा श्रीमहांत दयालपुरिकेषु लि. इत. नमोनारायणपूर्वकपत्रमिदं इहा कुशल तुह्मारि कुशल छमेते परमानंद होइ आगे इहाके हकिगत भले हैं उप्रान्त पत्र आये अर्थ मालुम हुये गोसाइका लेषा आइपौचनेको था इस वास्ते विलंवि हुये राहा वंद हुवा हमारे आदमि आवने जानेको भिसका नहि भिर भारभि वहुत परा इस वासते गोसाइसैं वहुत अधित हुवा गोसा माफ चाहिये जाहाँ आजतक रहां तहा दो मैन्हा सुस्त षातिर्जमासैं रहनेको चाहिये फागुनके रोजमै गोसाइका पैसाऱ्ये उजोर आइपौचैगा दो मैन्हाको छमा चाहिये इति मार्गशुदि ९ रोज ५ मुकाम नुवाकोट माडि शुभम्

**पत्र चिन्ह विना ३ बस्तुरि पौचैगा**

## श्री दुर्गा

## नमो नारायण

स्वस्ति श्रीगिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमत्पृथ्वीनारारायण साहदेवानां सदा समरविजयिनाम्

स्वस्ति श्रीपरमहंसेत्यादि श्री भगवतिवन गोसाइकेषु ........पूर्वकपत्रमिदं इहा कुशल तुह्मारा कुशल चाहते है पत्र आया अर्थ मालूम हुवा आगे इहांका हकिगत

भला है उपरांत तुमने नयाकोट आवनेका बात लिषि भेजा सो आजतो चौमासा भया जिस रोज काम परि आवैगा तिस रोज वोलाह भेजेंगे तुम हमारे अति हौ ए घर तुह्मारा हय विज्ञेषु किमधिकम् आषाढ वदि १४ रोज ४ मुकाम नुवाकोट राजधानि शुभम्

**आंबका वोझ २ के मोहर भया है** लेजाइ आफ्नो आचार भेजा सो पौंचा ।

## श्री दुर्गा

## श्री गोरषनाथ श्री भैरवी

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराज मानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमत्पृथ्वीनारायण साहदेवानां सदा समरविजयिनाम्

आगे दुर्वासावन भगवतीवन लक्ष्मणवन जागेश्वर वन इ चार संन्यासिकन धर्मपत्र लिषिवक्स्यौं संन्यासिहरूले भोट नेपाल जांदा आंउदा हाम्रा भन्सारमहां देषाइ छाप मारि लिस्तिको वाटो गरि जगातिहरूक्षौ माल नगद ज्या लग्यो सो देषाइ दस्तुर तिरि ल्याउनु लैंजानु गर्दा महा पर्स्यैमहा हाम्रा टक्सार चलाउनामहा पसनु गोसाइहरूले तति गर्दा गर्दै माल लुटि षाना महा पसौत...को कुद्रिष्टि लुटि षानामहां नपसौंत···को सुदृष्टि इति सम्वत् १८२५ आषाढवदि ३ रोज ७ शुभम्

यसमा दिइएको तिथिमितिको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

वि. सं. १८२५ आषाढ कृष्ण

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| आषाढ | २२ | शनि | तृतीया | ५७।२० |

यी ६ ओटा लालमोहरहरू पश्चिम १ नम्बर नुवाकोटका धामी श्रीहरिमानसिं डङ्गोलको सौजन्यबाट प्राप्त भएका हुन् ।

## व्याख्या:

श्री ५ पृथ्वीनारायण शाह वि. सं, १७९९मा नरभूपालको शेषपछि २० वर्षको उमेरमा गोरखाको राजगद्दीमा बसेका थिए। वि. सं. १७९२ मा नरभूपाल शाहले कान्तिपुरको इलाकामा पर्ने प १ नं. नुवाकोट दक्खल गरेका थिए। तर सफल भएनन् । यो कुरो पृथ्वीनारायण शाहको मनमा गडेको थियो । पृथ्वीनारायणले राजगद्दीमा बसेपछि फेरि नुवाकोट आक्रमण गर्ने विचार गरे । तर पश्चिमपट्टि बाईसी चौबीसी राज्य थिए। आफू पूर्वतिर लाग्दा पछिल्तिरबाट अर्कोले आफ्नो राज्य कब्जा गर्ला भन्ने डर थियो । त्यसैले पृथ्वीनारायणले पहिले लमजुङसंग सन्धि गरे, त्यसपछि पृथ्वीनारायण शाहले वि. सं. १८०१ मा नुवाकोट दक्खल गरे। नुवाकोट कान्तिपुरको भोटसंग व्यापार गर्ने केन्द्र थियो । यसरी गोरखाले नुवाकोट लिएपछि कान्तिपुरको भोटसंगको व्यापार हानियो । उता भक्तपुरेले नालदुम कब्जा गरेकोले पूर्वतिरको बाटो पनि रोकियो । जयप्रकाशले नुवाकोटबाट गोरखालीलाई हटाउन काशीराम थापाको नेतृत्वमा सैन्य पठाए तर सफल भएन। वि. सं. १८१४ मा जयप्रकाशले पृथ्वीनारायणसंग सन्धि गरे । त्यस सन्धिमा दुबै राज्यले चोखो टक चलाउने, भोटमा मालसामान पठाउंदा दुवैले बराबर पठाउने, नालदुम कान्तिपुरलाई दिलाउने, पाटन गोरखालाई दिलाउने, भोटमा दुबैको दूत राख्ने कुरा थियो । तर सो सन्धि धेरै काल अडेन ।

जयप्रकाश रिसाहा प्रकृतिका थिए । उनी वीर लडाका साहसी भए तापनि रिसको झोकमा आँखा देख्दैनथे । नुवाकोटबाट गोरखालाई धपाउना निमित्त पठाएको काशीराम थापा हारेर फर्केकोले गोरखासंग मिल्यो भन्ने शंका गरी रिसको झोकमा जयप्रकाशले काशीराम थापालाई मारेका थिए। यशरी जयप्रकाशले आफ्नो सेनापतिलाई मार्नु जयप्रकाशको ठूलो भूल थियो। यस्तै रिसको दुर्गुणले गर्दा जयप्रकाशले आफ्ना धेरै भारदारलाई चिढाएका थिए । पृथ्वीनारायण

शाहले पनि यस्तै मौका पाई जयप्रकाशका मानिसलाई विस्तार विस्तार हात लिन थाले ।

पृथ्वीनारायण शाहले जयप्रकाशका मित्र कमलवन गोसाईंलाई हात लिने विचारले वि. सं १८०६ फाल्गुन १९ गते लालमोहर गरिदिएका थिए । सो माथिको पहिलो लालमोहर हो । त्यसमा कमवन गोसाईंले कुतीको बाटो मालताल ल्याउँदा रोक टोक नगर्नू भनी लेखिएको छ । दोस्रो लालमोहरमा घोडाको जगात माफी गरीदिएको कुरा छ । तेस्रो लालमोहरमा माल झिकाउने विषयमा लेखापढी गरेको कुरा छ । कमलवन गोसाईंले जयप्रकाशसंग पनि संबन्ध राखि-छोडेकै थिए । त्यसकारण कमलवन गोसाईंले पृथ्वीनारायणलाई बोलाइपठाउंदा अहिले बाटो बन्द हुनाले हाम्रा मानिसलाई आवत जावत गर्न असुविधा छ दुइ महीना पर्ख भनी पृथ्वीनारायणले लेखिपठाएका थिए । सो कुरा चौथो पत्रबाट स्पष्ट छ ।

भगवतीवन गोसाईं पनि जयप्रकाशका मानिस हुन् । यी भगवतीवन गोसाईं कमलवन गोसाईंका चेला हुन् । भगवतीबन गोलाईंले भेट्न नुबाकोटमा आऊँ कि भनी पृथ्वीनारायणलाई लेखेका थिए । त्यस विषयमा अहिले चौमास छ जहिले काम परिआउला उहिले बोलाइपठाउंला यो घर तिम्रै त हो नि भनी पृथ्वीनारायणले मिजासिलो ढङ्गले जवाफ दिएका थिए । यो कुरो पाँचौं पत्रबाट स्पष्ट छ । कारण भगवतीवनले वि. सं. १८२१ सम्म पनि जयप्रकाशसंग संबन्ध गरिरहेकै थिए । पृथ्वीनारायणले तिनलाई सर्वात्मना विश्वास गरिसकेका थिएनन् । पछि पृथ्वीनारायणले वि. सं. १८२५ आषाढ २२ गते तिनीहरूलाई एउटा धर्मपत्र गरिदिए । सो पत्र छैटौं हो । सो धर्मपत्रमा संन्यासीहरूले भोट नेपाल जाँदा आँउँदा भन्सारमा देखाई छाप लगाई लिस्तीको बाटो जगाते छेउ माल ल्याई दस्तुर तिरी लैजानू, टक हाम्रो चलाउनू भन्ने उल्लेख छ ।

पृथ्वीनारायणले नुवाकोट विजय गरेपछि केही काल नुवाकोटमै राजधानी बनाएका थिए । सो कुरा पाँचौं पत्रमा स्पष्ट उल्लेख छ । दोस्रो तेस्रो चौथो पाचौं पत्रमा संवत्को उल्लेख छैन । केवल तिथि-मितिको मात्र उल्लेख छ । गणनाबाट संवत् पत्ता लगाउन सकिन्छ । तर समय धेरै लाग्ने हुनाले अहिले गणना गरिएन । ती संवत्को निर्णय पछि गरिनेछ । यी ४ ओटा लालमोहर हिन्दी भाषामा छ । पृथ्वीनारायणले गरिदिएका लालमोहरहरू प्रायः नेपाली भाषामा पाइन्छन् । अहिले यी ४ ओटा पाइएकाले नमूनास्वरूप बनेका छन् ।

## टिप्पणी:

जयप्रकाशले गरिदिएका माथिका पत्रहरूमा पहिलो र दोस्रो पत्र तथा पृथ्वीनारायण शाहले गरिदिएका माथिका पत्रहरूमा तेस्रो पत्र ऐ. शि. श्री बाबुराम आचार्यज्यूले उहाँको श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी भन्ने पुस्तकको दोस्रो भागमा छपाउनुभएको छ । नुवाकोटबाट ल्याइएका ऐतिहासिक सामानहरू पुरातत्वविभाग-मार्फत उहाँले एक एक प्रति सारेर लिनुभएको थियो ।

—❀—

# 'हरमेखला'–एक परिचय

*कृष्णप्रसाद भट्टराई*

ग्रन्थनाम — **हरमेखला**

ग्रन्थकार — **'माधुक' धीरसहाय पण्डित**

ग्रन्थरूप — **पद्यात्मक**

ग्रन्थसंख्या — **पन्ध्र सय**

विषय — **आयुर्वेदप्रधान विविध**

भाषा — **प्राकृत**

रचनास्थल — **चित्रकूट**

रचनासमय — **विक्रमको नवौं शताब्दी**

'हरमेखला' आयुर्वेदप्रधान विवधविषयविभूषित एउटा ग्रन्थको नाम हो, यो प्राकृत भाषामा लेखिएको छ र पद्यमय छ, यसका सबै श्लोक आर्याछन्दमा छन्, संख्यामा यी चौधसय चानचुन पुग्दछन् र जसभित्र जम्मा साढे बाह्र सयभन्दा बढी रोजा रोजा विभिन्न अनुभूत योगहरू छन् । यसका जम्मा सात परिच्छेद छन्, प्रत्येक परिच्छेदका आफ्नै अलग विषय छन् जो अत्यन्त आकर्षक एवं महत्वपूर्ण छन् । आकारमा त्यति ठूलो नभए तापनि यसमा धेरै प्रकारका विषयहरूको समावेश भएकोले यो सारै उच्च कौटिको कृति हुन गएको छ । यसको रचना प्रौढ तथा उत्कृष्ट छ र वर्णनशैली मनोहर छ । निरर्थक, सन्दिग्ध वा अनावश्यक शब्दले यसमा प्रवेश पाएका छैनन्, बीचबीचमा आकलझुकल पर्न आएका उपमा र दृष्टान्तका चुट्किला टुक्राहरूले गर्दा यसको शृंगार अझ बढेको छ र यो सहृदयहरूका हृदयको कण्ठहारै भन्न सुहाउने छ । हुन पनि यसका सबै नै प्रयोगहरू एकसे एक रत्न जस्ता छन् । यसैले आफ्नो यस अद्भुत कृतिलाई ग्रन्थकारले हरमेखला अर्थात् 'महादेवका कटिको सूत्र' भन्ने नाम दिएका हुन् । किनभने सारा जगत्का सारा शास्त्रका सारा ज्ञान, विज्ञान एवं विद्याका परम गुरु, विश्वका मूल आचार्य महादेव नै हुनुहुन्छ, जो हाम्रा यहाँ पनि 'पशुपतिनाथ' नामले विराजमान हुनुहुन्छ र यसको आदिमा ग्रन्थकारले सर्वप्रथम उहाँकै नाम लिएका छन् । जुनसुकै ग्रन्थ लेख्ता पनि आदिमा मंगलसूचक अथवा मंगलार्थक शब्द वा पदको प्रयोग गर्ने वा आफ्ना इष्टदेवताको नाम स्मरण गर्ने हाम्रो प्राचीन परंपरा छ, तदनुसार यसमा पनि लेखकले सर्वप्रथम 'पशुपति' र 'शैलसुता' शब्दको प्रयोग गरेर सर्वमंगलमय श्री महादेव पार्वतीको उल्लेख गरेका छन् । उनी भन्दछन्–

'पार्वतीका कपोलको लावण्यले गर्दा कान्ति झन् दोबर बढ्न गएको अतएव आश्चर्य चकित भएका प्रमथगण-हरूले बारंवार हेरिएको महादेवका माथको 'चन्द्ररेखा' क्या धन्य छ ! सर्वोत्कृष्ट छ ।' यसमा लेखकले 'चन्द्रलेखा' लाई मुख्य उद्देश्य रूपमा लिएर महादेव पार्वतीलाई अर्धनारीश्वरको रूपमा स्मरण गरेका छन्। यसबाट प्रस्तुत ग्रन्थका लेखक 'माधुक' शैव रहेछन् भन्ने पनि ज्ञात हुन्छ, किनभने कसैले पनि ग्रन्थका आदिमा उल्लेख गर्दा आफ्नो इष्टदेवलाई छोडेर अरूको गर्दैन। फेरि यिनले आफ्ना गुरुलाई शिवजीका आराधक भनेर यहाँ स्पष्टै भनेका पनि छन्। यसबाट पनि उक्त कुराको राम्रै पुष्टि हुन आउँछ। यसरी पहिलो श्लोकमा ग्रन्थकारले 'शशिलेखा' शब्दलाई मुख्य उद्देश्य रूपमा लिएर जो वस्तुनिर्देशरूप मंगल गरेका छन्। त्यसको अर्को एउटा गूढ तात्पर्य पनि छ। यहाँ शशीको अर्थ चन्द्रमा र लेखाको अर्थ रेखा वा कला भन्ने हुन्छ। सोझै अर्थ गर्दा शशिलेखा शब्दबाट महादेवका शिरमा सूक्ष्म रेखारूपले रहेको 'चन्द्रकला' भन्ने बुझिन्छ, तर वास्तवमा यसबाट अरू कुराका पनि संकेत पाइन्छ। चन्द्रमा सम्पूर्ण ओषधिका राजा मानिएका छन्। यिनको किरण अमृतमय छ। राजाले प्रजाहरूको पालन गरे झैं चन्द्रमाले जडीबूटी ओषधि-हरूको पालन गर्दछन्। यस ग्रन्थमा आयुर्वेद विषय प्रधान भएको र यसका जम्मैजसो योगहरूमा प्रायः जडीबूटीहरू नै प्रयुक्त हुने हुँदा जडीबूटीका राजा चन्द्रमाको र उनका अमृत किरणको शुरुमै उल्लेख गरिएको हो। यसका अतिरिक्त शशिलेखाको यहाँ अर्कै अर्थ पनि छ। शशिलेखा, चन्द्रलेखा, सोमराजी सब एकै अर्थका पर्यायवाची शब्द हुन्। सोमराजीको मुख्य अर्थ वैद्यक ग्रन्थमा 'बाकूची' मानिएको छ। कुष्ठरोगको चिकित्सामा बाकूचीको महत्वपूर्ण प्रयोग छ। गलित–कुष्ठका मारले विकृत भएका व्यक्तिहरूमा पनि यथा-समय बाकूचीको समुचित प्रयोग हुन सकेमा यसले रोग-लाई निर्मूल गराएर रोगीलाई लावण्यप्रदान गर्दछ भनेर सबैले मानेका छन्। त्यसैले ग्रन्थकारले आफ्नो ग्रन्थमा प्रमुख विषयको रूपमा प्रचुर मात्रामा आउने जडीबूटी-हरूको संकेतका निमित्त पनि उपलक्षण रूपमा शशिलेखा शब्दको प्रयोगद्वारा यहाँ बाकूचीको निर्देश गरेको बुझिन्छ। यसै गरी 'शैलसुता' मा आएको शैल शब्दबाट जडीबूटीहरूका घर हिमालयको, लावण्य शब्दबाट पछि दिइने सौन्दर्यवर्धक योगहरूको पनि यस श्लोकमा संकेत पाइन्छ।

यसमा ग्रन्थकारले आफूलाई भिल्लमालपुरका निवासी र माघ कविका कुलकलश भनी लेखेका छन्। यो भिल्लमालपुर भन्ने ठाउँ सम्भवतः चित्रकूटको क्षेत्र-भित्र वा आसपासमा कतै भएको हुनुपर्दछ। यस कुराको संकेत 'चित्रकूटमा यो ग्रन्थ लेखिएको हो' भन्ने यसै ग्रन्थका अन्त्यको एउटा उल्लेखबाट पाइन्छ, उक्त उल्लेखमा "धरणीवहराहको राज्यमा 'कविमण्डनतनय माधव' का छोरा माधुकले चित्रकूटमा हरमेखलाको रचना गरे" भन्ने लेखिएको छ। यसबाट ग्रन्थकारका पिताका नाम माधव रहेछ, भन्ने पनि ज्ञात हुन्छ। यस ग्रन्थको एउटा उत्कृष्ट संस्कृत टीका पनि छ। यसमा टीकाकारको सम्बन्धमा विशेष केही देखिंदैन, खालि 'व्युत्पन्न व्यक्तिहरूले मात्र बुझ्ने अरूले राम्रो नबुझ्ने भएकोले यसको टीका लेखिएको हो' भनेर विक्रम संवत् ८८७ को माघ सप्तमीका दिन टीका लेखि–सकियो' भन्ने सम्म एउटा पुस्तकको अन्त्यमा लेखिएको पाइन्छ। टीकाको आरम्भमा मूलमा झैं चन्द्रशेखर महादेवको मङ्गलाचरण गरिएको र 'उनको अनुग्रहले हरमेखलाको अर्थ स्पष्ट गर्न लागेको' भन्ने उल्लेख भएकोले यो टीका लेख्ने पनि मूलकार नै हुन् भन्नु यहाँ उपयुक्त देखिन्छ। यसरी यिनै उल्लेख र तर्कका आधारमा ग्रन्थकारका समयको पनि कल्पना गरिएको हो।

ग्रन्थकारले जसरी आफूलाई माघकविका सन्तान भनी लेखेर आफ्नो विद्वद्घरानाको परिचय दिएका छन्। त्यसै गरी उनले आफ्नो उत्कृष्ट गुरुपरंपराको पनि उल्लेख गरेका छन्। उनले आफूलाई स्वनाम–ख्यात सर्वसिद्ध विद्वान् मूलदेवका वंशज दुर्गय वा दुर्जय भट्टका शिष्य बताएका छन्। यी मूलदेव धुरन्धर विद्वान्, सकल विद्यामा पारंगत, सारा सिद्धिका खानि,

धूर्तहरूका अधिराज र रुद्रका प्रियपात्र भक्त थिए भन्ने कुरा यिनै ग्रन्थकारका लेखनीबाट र सिद्धनागार्जुनहरू जस्ताले आदरसाथ गरेका उल्लेखबाट अवगत हुन्छ। क्षेमेन्द्रले र सोमदेवले त यिनका बारेमा एउटा निकै रोचक कथाको उल्लेख पनि गरेका छन् जसमा नेपालको शिवपुर भन्ने शहर (जसको खंडहर संबवतः वर्तमान शिवपुरीको अधित्यकामा कतै हुन सक्तछ)। त्यहाँका राजा यज्ञकेतु उनकी राजकुमारी, वसन्तको जात्रा, कान्तिपुर जात्राको अवसरमा हात्तीको उपद्रवले गर्दा ब्राह्मण युवकको राजकुमारीसंग क्षणिक संपर्क, आशक, धूर्तताको बलले राजकुमारी नै हत्याउनु आदिको उल्लेख पाइन्छ। यिनै मूलदेवको वंशमा जन्मेका दुर्जय भट्ट प्रस्तुत ग्रन्थकारका गुरु थिए। यिनका इशारामा सारा सिद्धि नाच्तथे। यसै प्रसंगमा ग्रन्थकारले केही स्थलहरूको र कतिपय राजारजौटाहरूको उल्लेख गरेका छन्। यी दुर्जय भट्टले विरजनगरमा उन्मत्तकेसरी राजाका अगाडि विद्याधरहरूका लोकमा आउने जाने गरेर सबैलाई चकित पारिदिएको, जयनन्दि भन्ने क्षपणकसँग विवाद हुँदा झोक्किएर बल्लभ नरेन्द्रका अगाडि तेस्रो नेत्र खोलिदिएको, चित्रकूटमा जयवराहलाई आकाशमा अप्सरा सिद्ध यक्षहरूका जमात धमाधम नाचिरहेका देखाइदिएको, विग्रहतुङ्गलाई उहिल्यै मरिसकेकी प्रियतमा प्रत्यक्ष देखाईदिएको आदि अचिन्त्य अलौकिक घटनाहरूको उल्लेख ग्रन्थकारले गरेका छन्। यहाँ उल्लिखित यी स्थल र व्यक्तिहरू सबै ऐतिहासिक अनुसन्धानका विषय भएका हुनाले र यहाँ तिनको प्रसंगसमेत नहुनाले तिनका बारेमा म यहाँ विशेष केही भन्न चाहन्न।

अब यसरी वंशपरंपरा र गुरुपरंपरा दुवै उत्कृष्ट भएका भाग्यशाली लेखकको यो अनुपम कृति यसको रचनाशैली र यसमा जति कुरा देखाइएका छन् तिनको आद्योपान्त विचार गर्दा यी ग्रन्थकार अलौकिक प्रतिभाशाली एवं विविध विषयका निष्णात थिए र यिनको प्रतिभा सर्वतोमुखी थियो भन्ने स्वतः प्रमाणित हुन आउँछ, । यिनी तन्त्र, आयुर्वेद, साहित्य, रत्नशास्त्र, कामशास्त्र, धूर्तविद्या, भूतविद्या. सिद्धविद्या, संगीतविद्या, वनस्पतिविद्या, पाकशास्त्र, कृषिशास्त्र, गन्धशास्त्र, रसायनविद्या, इन्द्रजाल आदिका उच्चकोटीका मर्मज्ञ विद्वान् एवं कुशल प्रयोक्ता थिए भन्ने समेत सिद्ध हुन्छ।

विषयको दृष्टिबाट यो ग्रन्थ समाजलाई यति उपयोगी र महत्वपूर्ण छ कि यसको मुकाबिलामा शायदै अरू कुनै ग्रन्थ आउन सक्लान्, यसमा ग्रन्थकारले सारातिरबाट संग्रह गरेर एउटै ग्रन्थमा संसारभरका अमूल्य रत्न खचाखच भरिदिएका छन्। यसबाट मानिसले धर्म, अर्थ, काम, यश, जीवन सब प्राप्त गर्न सक्तछ। यसले काम नपाउनेलाई काम दिन्छ। बेइलमीलाई इलम सिकाइदिन्छ। बौद्धिक विकास गराइदिन्छ। आर्थिक उन्नतिको बाटो देखाइदिन्छ। कति भने यस्ता ग्रन्थरत्नको अध्ययन मनन गरेर तिनमा दिएका विषयको अनुसन्धान, आचरण, प्रचार गरेर मानिसले तिनबाट उचित लाभ उठाउन सक्ने हुनुपर्छ। यो ग्रन्थ के धनी, के गरीब, के विद्वान्, के अविद्वान् सबैका निम्ति लाभदायक छ। यसमा सबै वर्गका मानिसलाई काम लाग्ने कुराहरू छन्। यसमा चटकीका निमित्त चटकका प्रचुर साधन छन्। चोरका निमित्त चोरविद्या छन्, ठगका निमित्त ठगविद्या छन्, धामीझांक्रीका निमित्त झारफूक औषधिमूलो गर्ने विद्या छन्, बोक्सीहरूका निमित्त अर्कालाई बिगार हाल्ने, दुःख दिने, सताउने, टुनामुना, मारण, मोहन गर्ने विद्या छन्, गुभाजूहरूको निमित्त तन्त्र, मन्त्र, जन्त्र गरेर बिगार लागुभागुहरू हटाउने विद्या छन्। धूर्त्तभांडहरूको निमित्त धुर्त्याइं गर्ने, भांडभैलो गर्ने विद्या छन्, मदारीका निमित्त सर्पहरू खेलाउने विद्या छन्। त्यस्तै वैद्य चिकित्सकहरूको लागि वैदाङ्गी गर्ने, चिकित्सा गर्ने विद्या, व्यापारीहरूका लागि वाणिज्यविद्या, कृषि पशुपालनहरू गर्नेका लागि कृषि पशुपालन संबन्धी विद्या, धाईआमाहरूको निम्ति बालपरिकर्म, दहीदूधको काम गर्नेका निम्ति दहिदूधसंबन्धी कौशल, वनपतिशास्त्रीलाई वनस्पतिसंबन्धी ज्ञान, बगैंचे मालीहरूलाई उद्यानसंबन्धी विद्या, फलफूल सपार्ने, फलफूल र तिनका वृक्षमा चमत्कार देखाउने विद्या, कबूतरबाजका

निम्ति रंगीन बच्चाहरू निकाल्ने विद्या, कुखुरा लडाउनेका निम्ति कुखुरा विजयी गराउने युक्ति, पहलवान्का निम्ति अरूलाई पछार्ने विद्या, प्रेमी प्रेमिकाका निम्ति गूढ लेख, गुप्त चिट्ठीहरू लेख्ने विद्या, व्यवसायीहरूलाई किसिम किसिमका कृत्रिम केशर, कस्तूरी, हिङ, मरीच, ल्वाङ, सुकुमेलहरू तयार गर्ने विद्या, जौहरी, वाँडा, सुनारहरूलाई नकली सुन, चाँदी, रत्नहरू बनाउने विद्या, रसायन शास्त्रीका निमित्त रसायन संबन्धी विद्या सब यसमा पाइन्छ । त्यति मात्र होइन यसमा पतिव्रतालाई काम लाग्ने विद्या, फुँडीलाई आनन्द हुने विद्या, कुटुनीलाई चाहिने विद्या, सूडिनीलाई चाहिने विद्या, बाँझीलाई चाहिने विद्या, सुत्केरीलाई चाहिने विद्या, मर्दलाई चाहिने विद्या, नामर्दलाई चाहिने विद्या, गवैयाको निम्ति स्वर खुलाउने विद्या, विद्यार्थीलाई स्मरण शक्ति बढाउने उपाय, नराम्रोलाई राम्रो गराउने, राम्रोलाई नराम्रो गराउने, कालालाई गोरो गराउने, गोरालाई कालो गराउने, कालो कपाल सेतो गराउने, सेतो कपाल कालो गराउने, झर्ने कपाल नझर्ने गराउने, नझर्ने कपाल झर्ने गराउने, बसेको छातीलाई उठाइदिने, उठेकोलाई बसाइदिने, मिलेको जोडीलाई फुटाइदिने, फुटेकालाई मिलाइदिने, सद्दे आइमाईलाई बाँझी गराइदिने, बाँझीलाई पुत्रवती गराउने, नछुने हुनेलाई नहुने गराउने, नहुनेलाई हुने गराउने, बूढीलाई तरुनी गराउने र तरुनीलाई बूढी गराउने, त्यस्तै बूढोलाई तरुनो गराउने र तरुनोलाई बूढो गराउने, युवतिलाई कुमारी गराउने र कुमारीलाई युवति गराउने, लोग्ने मानिसले सुवासिनीलाई वश गराउने र सुवासिनीहरूले लोग्नेलाई वश गराउने जस्ता धेरै कुराहरू छन् । फेरि मूसा धपाउने, सर्प भगाउने, जुम्रा हटाउने, लीखा नपर्ने, मुखको चाया जाने कोठी हराउने, हातखुट्टाको मुसा झर्ने, मुख गोरो हुने, पसीना नगल्हाउने, हातखुट्टा कलकलाउँदा हुने र विविध खानेकुराहरू बनाउने, फलफूलका रस, अवलेहहरू बनाउने, दूध दहिका परिकार, माछामासुका परिकार, सुगन्धी भोजन, शरवत, सिकर्नीहरू तयार गर्ने, पुलाउ बनाउने, थरिथरि रक्सीहरू बनाउने, रक्सी कडा तुल्याउने, रक्सीलाई पानी सरह तुल्याइदिने आदि किसिम किसिमका विद्या कलाकौशलहरू यसमा दिइएका छन् । यसै गरी रक्सी नलाग्ने उपाय, सर्पले नटोक्ने उपाय एवं आगो, पानी, शस्त्र, अस्त्र आदिबाट जोगिने उपाय आदि अनेकानेक विषय यसमा समाविष्ट छन् जसको पूरापूर वर्णन यहाँ गरेर साध्य हुँदैन । तथापि सहृदय पाठकहरूको जिज्ञासा पूर्तिका लागि यसका मुख्य मुख्य कुराहरूको संक्षेपमा उल्लेखसम्म गरेको छु जो परिच्छेदक्रमानुसार निम्न प्रकार छ—

यसका सात परिच्छेद छन् भनेर पहिले नै भनिसकिएको छ, ती मध्ये पहिलो परिच्छेदमा विशेष गरेर चटकीहरूका निम्ति उपयोगी मणि, मन्त्र, औषधी, युक्ति, बुद्धि आदिद्वारा सिद्ध गरी देखाइने विविध कौतुकका विषयको वर्णन छ । ती कौतुकहरू जम्मा डेढसय जति छन्, जसमध्ये कतिपय हाम्रो यहाँ अझै कतै कतै प्रचलित छन् । तिनमा गोडा निदाउँदा गोडाका नापको सिन्को वा छेसको अर्को पट्टिको कानमा सिउरे झम्झमाएको हटाउने, हत्केलामा कालो लाएर चोरको नाम देखाउने, मध्याह्नमा सूर्यको रथ देखाउने, ऐनामा ग्रहण लागेको देखाउने, दश जना अघाउने भाग एकै जनाले बुत्याउने, एउटै पानीको भाँडो कहिले भरी कहिले रित्तो देखाउने जस्ता कुराहरू हाम्रो यहाँ कहिलेकाहीं मौकाले देख्न पाइन्छन् । यिनका अतिरिक्त यस परिच्छेदमा चुम्बकका योगले लोहा घुम्ने, शिमलका फूल, कोसाहरू आफैं फतफत झर्ने गराउने, हलेदो र सुहागको योगबाट केसर देखाउने, टुक्रा पारेर मासु फेरि जोड्ने, सर्स्यूंका गेडा डढाएर फेरि सद्दे पार्ने, भूजापातका खोचामा तेल तताएर तर्कारी तार्ने, फुरौलाहरू पकाउने, विनाखुराको खडाउ लाएर घुम्ने, अँध्यारोमा चिट्ठी बाच्ने, हातको पछाडिपट्टि अक्षर लेखेर हतकेलामा देखाउने, पानीमा चित्र लेख्ने, केटाकेटीहरूको हातबाट पनि लक्ष्यवेध (तारो मार्ने) गराउने, बत्ती बालेर त्यसमा रूखहरू देखाउने, पानी थापेर ल्याएको गाग्रोलाई बोकेको बोक्यै रित्तो गराउने, फेदमा लात दिएर रूखका फल झार्ने, अग्लो टुप्पाको फल टिप्ने, पानीमा बत्ती

बाल्ने, बतासमा बत्ती बाल्ने, दूध पानीहरूलाई रातो गर्ने र तिनलाई जमाउने, कृत्रिम हात्ती देखाउने, बल्दो आगोको फिलुंगो, जल्दो फलामको टुक्राहरू जिब्रोमा लाउने, तातो तेलमा हात डुबाउने, गुप्त चित्र र गुप्त अक्षरहरू लेख्ने, ह्वारह्वार बलेको आगोमा मानिस देखाउने, आकाशमा थाली अड्याउने, बीच आकाशमा मानिस अड्याउने, चित्र रुवाउने, चित्र नचाउने, मरेको माछा बचाउने (कनसुतलो मारेर त्यसलाई बचाउने त हाम्रा केटाकेटी पनि गर्छन्), पानीमा माछाहरू उब्जाउने, एकत्र भेला गराउने, आँपहरू धेरैसम्म जस्ताको तस्तै राख्ने इत्यादि धेरै योगहरू छन् । यिनमा एक दुइको मात्र अभ्यास गर्न सके पनि सिपालु व्यक्तिले आफ्नो बेकारी हटाउन सक्तछ, यदि राष्ट्र नै यस्ता कुरामा अग्रसर हुन्छ भने विश्वमा पहिलो चटकी हुन नसके पनि चीन, अरबपछिको स्थान त यसले अवश्य नै पाउनेछ ।

दोस्रो परिच्छेदमा दुष्टको नियन्त्रण र आफ्नो रक्षाको उद्देश्यले गरिने मारण, मोहन, उच्चाटन आदि विषयको वर्णन छ । यसमा जम्मा पुगनपुग एक सय जति प्रयोग छन् । तिनमा कतिपयलाई हाम्रो यहाँ 'बिगार' शब्दले व्यवहार गर्ने चलन छ । यस्ता बिगार हाल्ने, ती परेका बिगार पत्ता लगाउने र तिनको औषधी गर्ने मानिसको पनि हाम्रो समाजमा कमी छैन । यस्ता प्रयोगको सदुपयोग हुन गएमा समाजलाई लाभ र दुरुपयोग हुन गएमा हानि दुवै हुन सक्छन् । वास्तवमा पुरानो युगमा वेश्याहरूको बढ्दो चकचकी र कुटुनीहरूको अनुचित प्रभावले गर्दा आकुल भएको समाजलाई तिनीहरूको हातबाट जोगाउन दुष्ट कुटुनीहरूलाई सताएर कायल पारीकन वेश्याहरूलाई वशमा ल्याउन यी प्रयोगहरूको उपयोग गरिएको हो । ग्रन्थकारले यसमा एउटा यस्तो रक्सीको वर्णन गरेका छन् जो लागेपछि त्यसै छुट्दैन, जन्मभरी लागेको लाग्यै हुन्छ, यसै गरी यसमा लामो अवधिसम्म झाडाबान्ता लगाइदिने । रक्तातिसार गराउने, मुख पकाइदिने, वाक्य बन्द गरेर बोल्न नसक्ने गराइदिने, कमर दुखाइदिने, महारोग, खटिरापटिरा आदि गराइदिने, रक्तप्रदर गराइदिने, बहुलाहा तुल्याइदिने, दिशापिशाब बन्द गराइदिने, गुप्त अंगमा वेदना गराइदिने, मानिसलाई स्याल, कुकुर, काग, गिद्ध आदिको आहारा गराइदिने, स्त्री एवं पुरुषका जननेन्द्रियहरूलाई संभोगका निमित्त असमर्थ तुल्याइदिने, पुरुषलाई नामर्द गराइदिने, स्त्रीको गुप्तेन्द्रियमा आफ्नो मात्र एकलौटी अधिकार गराएर पुरुषान्तरसितको संयोग असंभव गराइदिने, चोरीबाट जोड खान पल्केकाहरूलाई घटनास्थलमै जोल्टचाइराख्ने, युवतिका उठेको छातीलाई हातको मुट्ठीले समतल तुल्याइदिने, परस्परको मायाप्रीति बिगारिदिने, वैरभाव, द्वेष, मन मर्ने आदि गराइदिने, आपसमा झगडा गराइदिने, गृह कलह गराइदिने, घर उजाडिदिने. मानिसलाई लट्ठ्याउने, रातभरीमात्र लठ्ठिने गराउने, कसैलाई त्यसै नचाइदिने, बत्तीका प्रकाशमा नाङ्गै नचाइदिने, कुनै युवतिलाई निर्बाङ्गै गराइदिने, कपाल फुलाएर सेतै पारिदिने, ओठ सेतो पारेर विरूप गराइदिने, कपाल झारिदिने, कसैको घोडै लडाइदिने, घोडालाई अन्धो तुल्याइदिने, अरू हात्तीलाई वश गराउने, हात्ती तुल्याउने, भीमसेन जस्ता पहलवान्को पनि घमण्ड तोड्ने, आफ्नो कुखुरालाई अपराजेय गराउने, जाँड अमिल्याएर, उगालेर बिगारिदिने, रक्सी बेस्वाद पारिदिने, दिगम्बर (नागा) लाई लाजमर्नु गराइदिने, महिलाहरूको फरिया फुस्केर त्यसै खस्ने गराउने, गर्भिणीको गर्भभित्रै अवरुद्ध गरिदिने, भान्सामा भएका खाने पिउने कुराहरू तीतो तुल्याइदिने, तथा पानीमा आगो बाल्ने, सर्प, मूसा, लामखुट्टे, उडूस, जुम्रा, लीखा आदि हटाउने धपाउने जस्ता विषय छन् ।

तेस्रो परिच्छेदमा आर्कालाई प्रायः दुःख नदिईकन वश गराउने, आफूपट्टि ढल्काउने, मोहनी लाउने आदि उपायहरू बताएका छन् । तिनमा नामबाट वश गराउने, खानेपिउनेबाट वश गराउने योगहरू र वशीकरण तिलक, वशीकरण अञ्जन, वशीकरण धूप, वशीकरण लेप तथा वशीकरण तेलहरू मुख्य छन् । यिनमा स्त्रीले पुरुषलाई वश गराउने र पुरुषले स्त्रीलाई वश गराउने, आफूलाई नहेर्ने लोग्नेलाई आफूतिर ढल्काउने, आफू-

लाई मन नपराउने स्वास्नीलाई आफू नभई एक छिन बस्न नसक्ने गराउने, विरक्तलाई कामोद्दीपन गराउने जस्ता कामशास्त्रीय योगहरू पनि छन्। फेरि तिनैमा स्त्रीपुरुषका विशेष अङ्गहरूलाई विकसित पार्ने, सपार्ने, गाढा गराउने, दृढ गराउने, दुर्गन्धरहित गराउने योगहरू र शुक्रस्तम्भन आदि योगहरू पनि पर्दछन्। धूपमा मुख्य सर्वार्थसिद्धिकर धूप, सौभाग्यसंजनन धूप, चिन्तामणि धूपहरू विशेष महत्त्वका छन्। तिनमा सर्वार्थसिद्धिकर धूपले कार्यसिद्धि गराउने, सौभाग्य-संजनन धूपले सौभाग्य गराउने र चिन्तामणि धूपले केटी वा केटो खोज्न जाँदा बिहाबारीको कुरा मिलाउँदा, क्रयविक्रयहरू गर्दा जहाँसुकै सफलता दिलाउने आदि कुरा बताइएको छ। तेलहरूमा मदनांकुश भन्ने तेल यस प्रकरणको सर्वोत्तम तेल हो, यसले अरू त के जंगली मत्ताहरूलाई समेत स्पर्शमात्रले वश गराइदिन्छ भनी लेखिएको छ। यो सर्वप्रथम महादेवले पार्वतीलाई बताइदिएर पछि शुक्राचार्यले कचलाई सिकाइदिएको तेल हो र यही तेल महादेवबाट मूलदेवले पाउनु भएको हो भनेर यहाँ पनि ग्रन्थकारले मूलदेवको उल्लेख गरेका छन्। यो तेलको प्रशंसा हो। यसै परिच्छेदका अन्त्यमा एउटा यस्तो योगको पनि ग्रन्थकारले चर्चा गरेका छन्, जसको अंजन लगाइदिनाले कस्तै दुष्ट गाई पनि सजिलैसंग वशमा आउँदछन्। यसरी यस परिच्छेदमा जम्मा साठीभन्दा बढी योगहरूको ग्रन्थकारले वर्णन गरेका छन्।

चौथो परिच्छेद अरू परिच्छेदको अपेक्षा ठूलो छ, यसमा मुख्य आयुर्वेदका शरीरपरिकर्म, प्रसाधन, यौवन, बल, सौन्दर्य आदिको योग क्षेत्र, केशकल्प, विविध रोगको चिकित्सा, गर्भ तथा गर्भिणी संबन्धी विविध विषय, भूतग्रह आदिको विद्रावण, विषनिवारण, गाई भैंसी घोडाहरूका कतिपय रोगको चिकित्सा, महामारी निवारण, परेबासंबन्धी विज्ञान आदि गरेर जम्मा चारसय जति विशेष योगहरूको वर्णन छ। तिनमा विविध प्रकारका औषधि चूर्ण, लेप, तैल, घृत, अंजन, अभ्यंग, नस्य, धूप, वर्त्ती, जडीबूटी आदिका प्रयोग पर्दछन्।

विषयीहरूका निमित्त संसारमा सबभन्दा आकर्षक सौन्दर्य नै हुन्छ। (कहिलेकाहीं त यसले मैं हूँ भन्नेको पनि चित्तहरण गर्दछ)। सौदर्न्य रक्षाको निमित्त पहिलो कुरा त शरीरका सबै अङ्गप्रत्यङ्ग स्वस्थ रहनुपर्दछ। शरीरका बाहिरी अवयवमा शिरको स्थान सर्वोपरि छ र सबैले देखिने गरेर खुला रहने अङ्ग पनि मुख्य यही नै छ। हामीले यसलाई उत्तमाङ्ग भन्ने गरेको पनि यसैले होला। यसको स्वास्थ्य र सौन्दर्यको रक्षा गर्ने मुख्य केश हो। यसकारण ग्रन्थकारले यसमा केशसंबन्धी योगहरूकै पहिले वर्णन गरेका छन्। तिनमा सर्वप्रथम तालु खुइलिने, कपालमा खोइरो लाग्ने जस्ता रोगहरूको चिकित्साका साथ केश उम्रने, बढ्ने, लामो हुने, बाक्लो हुने, चिल्लो हुने, कालो हुने, घुम्रिने, जुम्रा नपर्ने, लीखा हटाउने, फुलेको कपाल कालो हुने, नफुल्ने गराउने, लट्टा नपर्ने, लट्टा फुक्ने र नाना प्रकारका शिरोरोग शमन गर्ने विभिन्न लेप, तेल, स्नानोपकरण, धूप, नस आदिका अमोघ प्रयोग छन्। यसमा कान दुख्ने, कान पाक्ने, गह्लाउने, सानु हुने, लोती सानु हुने आदि समस्त कर्णरोगको शमन गर्ने र कान, कुम, स्तन, पुरुषेन्द्रियहरूको विकास गर्ने योगहरू आउँछन्। यसमा आँखा दुख्ने, घोच्ने, रातो हुने, पाक्ने, डिल सुनिने, परेला झर्ने आदि नेत्ररोग र आँखाको बिमिरा, बादल, छाया, रतौंधी, अन्धो, फूलो आदि नाश गर्ने विविध योग दिइएका छन्। यसका साथै कमलपित्तका निम्ति केही प्रयोग पनि ग्रन्थकारले बताएका छन्। यसै गरी नाकबाट रगत आउने, मुखबाट रगत आउने, ओंठ फुट्ने, दाँत दुख्ने, दाँत हल्लने, दाँतमा कीरा लाग्ने, दाह्रा किट्ने, मुख गह्लाउने आदि रोग र मुखको खटिरा, घाँटीको खटिरा आदिको शमन गर्ने सरल योगहरूको वर्णन यसमा गरिएको छ। फेरि मुखको दाद, चाया, दाग, कोठीहरू हराउने र मुखलाई कोमल, उज्वल, कलकलाउँदो, गोरो, राम्री पार्ने चूर्ण, लेप, तैल, घृतहरूको वर्णन पनि यसमा आउँछ जसमध्ये कुनै जाडो महीनामा र कुनै गर्मीमा प्रयोग गरिने छन्। त्यसपछि गण्डमाला, अर्बुद, अपची र अपबाहुक

आदि रोगका औषधीहरू आउँछन् । युवतिका स्तन–मण्डलको आकारप्रकारमा उन्नति ल्याएर त्यसलाई आकर्षक बनाउने जस्ता योगहरू निकै सजधजका साथ प्रस्तुत गरिएका छन् । त्यसपछि प्लीहा, जलोदर, उदर रोग, पेटका क्रमि, विद्रधि आदि निवारण गर्ने उपाय बताइएका छन् । त्यसपछि कुष्ठका भेदमा श्वेत कुष्ठ, गलित कुष्ठ, लूतो, सुकेलूतो, खुट्टा फुट्ने, दुभी आदिको उन्मूलन गर्ने प्रयोगहरू र शरीरलाई सुन्दर सुगन्धी गराउने लेप, अभ्यङ्ग, बुकुवा, चूर्ण, औषधी आदि छन् । अनि रक्तपित्त, कमलपित्त, पांडुरोग, पीनास, स्वरभेद, श्वास, कास, हिक्का, क्षय, शोष, विविध शूल, विभिन्न अतिसार, ग्रहणी, विसूचिका सब प्रकारको प्रमेह, मूत्रनिरोध आदि हटाउने र बल बढाउने विभिन्न चूर्ण, कल्क, स्वरस, धूप, अंजन आदिको वर्णन छ । यसमा स्वरभेद हटाएर मधुर तथा कोमल गला तुल्याउने योग पनि छ । फेरि शर्करा, पत्थरी, अण्डवृद्धि, नररोग, मन्मथरोग, अर्श, भगन्दर जस्ता घीनलाग्दा रोगहरू शमन गर्ने सरल योगहरूको वर्णन पनि यसमा गरिएको छ । जसमा अर्शका अंकुरहरू, पत्थर, कर्मकालहरूलाई खसाल्ने निकाल्ने उपायहरू पनि पर्दछन् । यसैगरी यसमा छर्दी, तृष्णा, विभिन्न ज्वर, सन्निपात ज्वर, विवध विषम ज्वर, दाह, मूर्छा, हृद्रोग, वातरक्त, एवं उरुस्तम्भ, मन्यास्तम्भ, लंघनीवात, अस्थिभंग आदि हटाउने र निद्रा लगाउने, अग्नि बढाउने, भोक लगाउने जस्ता किसिमकिसिमका योगहरू र हातखुट्टा फुटेका, हातखुट्टाका मुसा, ठेला, आगोले पोलेको, भलायो उच्छ्केको, काटेको, चोटपटक लागेको, रगत बग्ने, घाउ खटिरा, सैन, हात हतियारका टुक्रा अड्केको, छेस्का काँडाहरू बिझेको, दबेको, खील गाँठाहरू सबैको उपचारका योगहरू र घाउ पलाउने, रगत थामिने, घाउ नपाक्ने, गराउने जस्ता योगहरू सब यस परिच्छेदमा दिइएका छन् । फेरि छारे रोग, भूत, प्रेत, पिशाच ब्रह्मराक्षस, बोक्सीहरू लागेको, थरीथरीका सर्प, विच्छीहरूले टोकेको, धतूराको विष, जीवजन्तुका नङग्रा दाह्राहरूको विष, मूसा, माछा, भ्यागुता, माहुरी, बारुलो आदिको विष, बहुलाहा कुकुरको विष, बिफर आदिको शमन गर्ने योगहरू यसमा आउँछन् । यसैगरी महिलाहरूको प्रदर, रक्त प्रदर, रक्त गुल्म, रजनिरोध आदि हटाउने योगहरूको वर्णन गरेर ग्रन्थकारले यसमा मासिक धर्म प्रवृत्त हुने, गर्भ धारण हुने, कहिल्यै गर्भ नरहनेलाई पनि गर्भ रहने गराउने, गर्भ पुष्ट हुने, गर्भ अड्ने, नतुहिने, नबिग्रने गराउने र भित्रबाट रगत आउने बन्द गर्ने, शीघ्रप्रसव एवं सुखप्रसव गराउने, गर्भपात गराउने, गर्भपातबाट हुने वेदना हराउने, साल झार्ने, मरेको गर्भ खसाल्ने आदि योगहरू र गर्भ नरहने गराउने, योनिशूल हरण गर्ने, सूतिका रोग हटाउने, थुनिलो हराउने, खील झार्ने, दूध आउने गराउने, दूध बढाउने, बढेको पेट घटाउने, कमर सानु गराउने, कटि बसाल्ने पाठेघर सरेको फर्केको वा निस्केको ठेगानमा राख्ने, प्रसवबाट शिथिल भएका अंगहरू कस्ने, गाढा सुकुमार गराउने, दुर्गन्ध वैषम्य च्यापच्याप लाग्ने जस्ता दोष हटाउने, कन्याकेटी गराउने, रोमरहित गराउने जस्ता विभिन्न लेप, धूप, औषधी, तेलहरूको यसमा वर्णन पाइन्छ ।

